वर्ष : १६, अंक : १६, काठमाडौं, २०७७ साउन १६ गते शुक्रबार, 31 July 2020, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रु. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## प्रदेश २ मा लुटतन्त्र : सोनलको व्यापक चर्चा



काठमाडौं । प्रदेश २ सरकारका मन्त्रीहरुले प्रदेशमा लुटतन्त्र मचाएका आरोपहरु लाग्दै आएका छन् । प्रदेशका मन्त्रीहरु व्यापक अनियमिततामा संलग्न रहेको आरोप प्रतिपक्षी दलका सांसदहरुले लगाउने गरेका थिए तर ती मन्त्रीहरुको व्यवहारबाट आजीत भएर आफ्नै पार्टीका नेता कार्यकर्ताहरु पनि अब प्रत्यक्षरुपमा विरोध गरिरहेका छन् । सत्तारुढ दलका कतिपय सांसदहरुले त संसदमै मन्त्रीहरुको मनपरीतन्त्र र अनियमितताबारे प्रश्न उठाउने गरेका छन् । तत्कालीन राजपाबाट मन्त्री भएकाहरु बढी भ्रष्ट आचरण देखाउन थालेको आरोपहरु छन् । जसमध्ये

*बाँकी अन्तिम पृष्ठमा*

## ‘भ्रष्टाचारको अखडा प्रदेश २’

रौतहट । प्रदेश २ का सांसद कुन्दन कुश्वाहाले प्रदेश २ मा भ्रष्टाचारको अखडा बनेको आरोप लगाएका छन । रौतहटको कटहरियामा एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश सांसद कुश्वाहाले प्रदेश २ सरकार भ्रष्टाचारीको अखडा बनिसकेको टिप्पणी गरेका हुन् ।
मधेशी नेताहरुको नियतमा खोट भएकै कारण मधेशको विकास हुन नसकेको कुश्वाहाले बताए । प्रदेश २ मा वार्षिक ४० अर्ब रुपैयाको विकासको बजेट छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## जलेश्वर बन्द

जलेश्वर । कोरोना भाइरसले भयावह रुप लिन थालेपछि महोत्तरीको जलेश्वर नगरपालिका कार्यालय बिहीबारदेखि अनिश्चितकालका लागि बन्द गरिएको छ । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत राजुराज कडरियाले सूचना जारी गरेर कार्यालय बन्द गरेको जानकारी गराएका हुन् । अर्को सूचना जारी नहुन्जेलसम्म अतिआवश्यक सेवाबाहेक कार्यालय बन्द गरिएको जनाइएको छ । महोत्तरीका कोरोना संक्रमित ६० वर्षीय पुरुषको साउन ६ मा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको थियो । उनी महोत्तरी गाउँपालिका ३ का थिए ।

# प्रदेश २ मा दैलोमा पुगिसक्यो महामारी

## संक्रमितमध्ये २० प्रतिशतमा लक्षण, सप्तरी र पर्सामा त्रास

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपालमा लकडाउन लगभग पूर्ण रुपमा हटेसँगै त्यसको असर सर्वत्र देखिन थालेको छ । कोरोनो नियन्त्रणका लागि चैत ११ बाट लकडाउन लगाएको केन्द्र सरकारले साउन १ गतेबाट क्रमश: खुकुलो पार्दै लागेको छ । लकडाउन हटेसँग कोरोना संक्रमति र त्यसबाट मृत्यु हुनेको संख्या पनि बढेको छ ।

पछिल्लो समय बिहीबारसम्म देशभर संक्रमितको संख्या १९ हजार ५४७ पुगेको छ भने अहिलेसम्म ५२ जनाको मृत्यु भएको छ । प्रदेश २ मा पनि कोरोना संक्रमितको संख्या बढ्दै गएको छ । यस प्रदेशमा ३६१ महिलासहित ४ हजार ५ सय ४४ जना संक्रमित देखिएका छन् । संक्रमितमध्ये १२ जनाको मृत्युसमेत भएको छ ।

प्रदेश २ को स्वास्थ्य निर्देशनालयका सहनिर्देशक विजय झा लक्षणसहितको भाइरस देखिन थालेकाले उपकरण तयारीमा विशेष ध्यान दिनुपर्ने बताउँछन्

पहिला अन्यत्रबाट संक्रमण फैलिने डर थियो अहिले आफ्नै ठाउँमा फैलिने डर रहेको बताउँदै उनले भने, ‘कुनै न कुनै घरका व्यक्ति कुनै न कुनै कामका लागि बजार जान्छन् । तर, ती मान्छे बाहिरबाट संक्रमित भएर आए आफ्नो घरका बालबच्चालाई सार्न सक्छन् । बालबच्चा अर्काको घरमा खेल्न गए त्यहाँ सार्न सक्छ, त्यसैले यो डरलाग्दो स्थिति हो ।’

योबेला गम्भीरतापूर्वक ध्यान नदिइए र सावधानी नअपनाइए ठूलो मूल्य चुकाउनुपर्ने बताउँछन् डा. साह । यसका निम्ति तीनवटै तहको सरकारले चनाखो हुँदै तयारी गर्नुपर्ने उनको सुझाव छ ।

सर्वसाधारणले पनि आफ्नो बानी, व्यवहारमा परिवर्तन ल्याउनु जरुरी छ अन्यथा कोरोना यो प्रदेशको सबैतिर सर्न सक्छ ।

**राजविराज र वीरगञ्जमा सन्त्रास**

**प्रदेशको पूर्वी शहर राजविराज र पश्चिमी शहर वीरगञ्ज पछिल्ला दिन कोरोना संक्रमणका कारण आक्रान्त बनेको छ । यी दुवै शहरमा भारतबाट आएका व्यक्तिबाट संक्रमण फैलिएको छ । संक्रमण फैलिएपछि दुवै शहरमा लकडाउन गरिएको छ । बीचका अन्य शहर र जिल्ला भने त्रसित भएका छन् ।**

**यता, धनुषाको शहीद नगरपालिकाको डुमरियामा १ जनाको कोरोना संक्रमणकै कारण मृत्यु भएपछि यहाँ पनि समुदायस्तरमा संक्रमण फैलिने त्रास छ । प्रदेश २ को आठवटै जिल्ला भारतीय सीमासँग जोडिएको छ । सबै जिल्ला भारतीय सीमासँग जोडिनु, ३ प्रतिशत भू-भागमा रहेको प्रदेशमा २० प्रतिशत जनसंख्या रहनु, वैदेशिक रोजगारीमा यही प्रदेशका बढी रहनु र सबैभन्दा गरिबी रहेका कारण यो प्रदेश कोरोनाको बढी जोखिममा रहेका छन् ।**

**यी कारणले गर्दा यहाँ संक्रमण बढी फैलिन डर छ , पहिलो चरणमै नियन्त्रण गर्नका लागि लकडाउन गरिए पनि त्यसबेला नियन्त्रण हुन सकेको थिएन ।**



पछिल्लो केही दिनयता वीरगञ्जमा पुन: कोरोना संक्रमण व्यापक फैलिएको संकेत देखिएको छ । विगतमा संक्रमितहरुमा लक्षण खासै नदिए पनि अहिले भने लक्षणसमेत देखिन थालेको छ । अधिकांशमा ज्वरो आउने, घाँटी दुख्ने, खोकी लाग्नेजस्ता लक्षणहरु देखिन थालेका छन् ।

समुदाय स्तरमा कोरोना फैलिएको ठहर गर्दै पटक-पटक सरोकारवालाको ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको गुनासो यहाँका चिकित्सकहरुको छ ।

दुर्भाग्य नै मान्नुपर्छ, साउन १ गतेपछि मात्रै पनि जुन तयारी हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । न केन्द्र सरकार, न प्रदेश, न स्थानीय सरकार वा स्थानीय प्रशासन जिम्मेवार भएर प्रस्तुत भइरहेको छ । संक्रमण पुष्टि भइसकेका २८ जनालाई आइसोलेसन गर्न सकिएको छैन । २८ जना बाहिर हुँदा पनि उनीहरुलाई आइसोलेसनमा राख्न आवश्यक तयारी छैन । संक्रमित घर टोलमा डुलिरहेका छन् । नगर प्रमुख र स्थानीय प्रशासन आ-आफ्नै तालमा हिँड्न खोजिरहेका छन् । आपसमा समन्वयको अभाव छ । संक्रमितको कन्ट्याक्ट ट्रेसिङ राम्रोसँग हुन सकिरहेको छैन । जनशक्तिको अभावमा विगतमा पनि यसमा कमजोरी भएकै हो ।

गण्डक अस्थायी कोरोना अस्पतालमा जम्मा दुईवटा भेन्टिलेटर छ । बिरामी सिकिस्त हुँदा कहाँ राख्ने ? अहिलेको स्थितिलाई हेर्दा मास टेस्टिङ गर्दा तीन सय जनामा मात्रै संक्रमण देखियो भने ६० प्रतिशतमा लक्षण देखिने हुन सक्छ । तीन सयको हाराहारीमा संक्रमितलाई अक्सिजन सहितको बेड आवश्यक पर्छ ।

वीरगञ्जको अवस्था निकै नै चुनौतीपूर्ण र असमान्य छ । नागरिक समाजको काँधमा जिम्मेवारी थपिएको छ । सरोकारवाला सबै निकायबीच आपसी सहकार्य गर्नुको विकल्प छैन ।

उता तर २ साउनमा सप्तरीका ७२ वर्षीय वृद्धलाई कोरोना संक्रमण पुष्टि भएको केही घण्टामै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा निधन भयो । श्रीमतीको उपचारका लागि भारत गएका उनी परिवारसहित २० असारमा घर फर्किएका थिए ।

७२ वर्षीय कोरोना संक्रमितको मृत्यु भएपछि कन्ट्याक ट्रेसिङका क्रममा परिवारका सदस्य र पसलमा काम गर्नेसहित १९ जनाको स्वाब संकलन गरेर परीक्षण गरियो । उनका परिवारका ५ जना र कार्मचारी र व्यापारिक साझेदारसहित ७ जना पोजेटिभ देखिए ।

मृतकका ६७ वर्षीया पत्नी, ४५ वर्षीय छोरा, ३६ वर्षीया बुहारी, १७ वर्षीय नाति र ११ वर्षीया नातिनीमा कोरोना भाइरसको संक्रमण पुष्टि भयो । यस्तै उनका ग्यास पलसमा काम गर्ने ४९ वर्षीय पुरुष र कलेजका साझेदार ३७ बर्षका पुरुषमा संक्रमण देखियो ।

अस्पतालका नर्समा समेत संक्रमण भेटाएपछि सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी स्वाब संकलन

*बाँकी अन्तिम पृष्ठमा*

## वीरगन्जका मेयरलाई पनि कोरोना

वीरगन्ज । वीरगन्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगीलाई पनि कोरोना भाइरस लागेको छ । मेयर सरावगीमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको हो । स्वास्थ्य परीक्षणका लागि काठमाडौं आएका सरावगीको त्यहीँ स्वाब संकलन गरेर परीक्षण गरिएको थियो । परीक्षण रिपोर्ट पोजेटिभ आएको जानकारी उनले दिएका छन् ।
‘तपाईंहरुको सेवामा अनवरत रुपमा लाग्दालाग्दै म स्वयं कोरोनाको संक्रमणको चपेटामा परेको छु’ उनले भने, ‘काठमाडौंको एक अस्पतालमा उपचार भइरहेको छ ।’ कोरोना संक्रमणलाई जितेर पुन: नगरबासीको सेवामा फर्किने समेत उनले बताएका छन् ।
वीरगञ्जमा कोरोना समुदाय स्तरमा फैलिएको मानिएको छ । मेयर सरावगी भारतबाट आएकाहरुको क्वारेन्टिन, संक्रमितहरुको आइसोलेसनमा खटिँदै आएका थिए । उनले चन्दा संकलन गरेर पीसीआर मेसिन खरिद गर्नुको साथै क्वारेन्टिन, आइसोलेसन र कोभिड अस्पतालमा रहेका संक्रमितसहित अस्पतालमा कार्यरत डाक्टर, स्वास्थ्यकर्मी र सफाइकर्मीको खाना र बस्ने व्यवस्था मिलाएका छन् ।




समय सन्दर्भ

जयप्रकाश गुप्ता



## विपीको मेलमिलाप कार्यनीतिको मनगन्ढ व्याख्या

विश्वेस्वर प्रसाद कोईरालाका केही बिचारहरूलाई आज गलत उद्धरणको रूपमा उल्लेख गरिने गरिन्छ। राजतन्त्र, राष्ट्रियता, धर्म निरपेक्षता र राष्ट्रिय एकता तथा मेलमिलापको कार्यनीतिका सन्दर्भमा खासगरी फरक किसीमबाट उल्लेख गरिने गरिएको देखिन्छ। हिजोका दुर्दान्त मण्डलेहरू र सदैब प्रजातन्त्र हत्याका समर्थक कम्युनिष्टहरूले पनि यता बात बातमा काँग्रेसीहरूलाई उपदेश दिने गरेका हुन्छन्। यस्ता उपदेश प्रायसः तिनीहरूले राजतन्त्र, राष्ट्रियता, भारतको बिरोध तथा मेलमिलापका सन्दर्भमा फलाकि रहेका हुन्छन्। उदाहरणका लागि तिनीहरूले बीपीका समयका चुनावी घोषणापत्रका युक्तिहीन अंशहरू, राजाको घाँटी र मेरो घाँटी संगै जोडिएको छ भन्ने प्रसंग अनि मेल मिलाप कार्यनीतिका केही मनगढन्त व्याख्यालाई प्रयोग गरिरहेका हुन्छन्।

वास्तवमा बीपीको बिचार सम्पूर्ण रूपमा कहिल्यै पनि कुनै घोषणापत्रमा समाविष्ट छैन। न त ०७ सालको क्रांति कालमा, न त ०१५ को आम निर्वाचनमा । पार्टीको बिधानलाई पनि यसै रूपमा बुझ्नु पर्दछ। पार्टीका यी दस्तावेजहरू जहिले पनि बिभिन्न नेताहरू वा सोचहरूका समिश्रित रूपमा पारित गरिएका हुन्छन। जबकि, बीपी गहन सवालहरूमा दार्शनिक दृष्टिकोण राख्नु हुन्थ्यो।

व्यक्तिगत सोचमा बीपी सदैव,शायद जीवन पर्यन्त पनि राजतन्त्र, धार्मिक राज्य र संशोधित प्रजातन्त्र वा मोडेल डेमोक्रेसी जस्ता बिषयको पक्षपाती रहनु भएन। राजतन्त्र, धर्म बारे राज्य र प्रजातन्त्रका बारे उहाँका साहित्यको अध्ययन गर्दा स्पष्ट हुनजान्छ। धेरैले बीपीको ‘राजतन्त्र’ शिर्षकको लेख नै नपढेको हुन सक्छ। जहाँ बीपीले नेपाली समाजमा राजतन्त्रको आधार उपर नै प्रश्न उठाउनु भएको छ। सन् १९६८ मा बीपीले वाराणसीको एक सम्मेलनमा ‘एशियन च्यालेन्ज एण्ड गांधीज्म’ बिषयमा बोलेकोबाट नृशंस राजतन्त्रका बारेमा धेरै कुरा थाहा पाउन सकिन्छ।

शिवरात्रीको दिन एकजना जर्मन पत्रकारलाई पशुपतिको अपार श्रद्धालु देखाउदै बीपीले भनेको कि "म निजी रूपमा धर्म मान्दिन।तर, पूर्व(पश्चिम पुरै नेपालबाट कयौं दिन पैदल हिडेर यहाँ मूर्तीको पूजा गर्न आएकाहरूको आस्था पनि म बदल्न सक्दिन।" शायद धेरैले छापिएको यस तथ्यको पनि स्मरण गर्दैन आज भोली। नेपालको सन्दर्भमा धर्म निरपेक्षता ठिक नहुन सक्छ। तर, धर्म निरपेक्षता बीपीको निजी सोच थियो।

राष्ट्रिय एकता तथा मेलमिलापको कुरा गरेर बीपीको स्वदेश आगमनलाई धेरैले तत्कालिन भारतमा इंदिरा गांधीको नेपाल खाने योजनालाई बीपीले लत्याएको भनि अर्थ्याएको देखिन्छ। मर्नु परेपनि नेपालमै मर्ने तर इंदिरा गांधीको योजनामा सरीक नहुने भनेर बीपीलाई आजको संकुचित तथा बजारीकरण गरिएको राष्ट्रवादसंग जोड्न खोजेको देखिन्छ। मेलमिलापको नीति वा कार्यनीति बस्तुतस् बीपीको यौटा ‘लाउड थिंकिंग’ थियो। जस्लाई सन् ७० को दशकको अन्त्य तिरको शीतकालिन विश्व राजनीतिको सापेक्षतामा मात्र बुझ्न सकिन्छ। यसको सारको रूपमा, अमेरिका सबैतिर प्रजातान्त्रिक आन्दोलनहरूको रक्षा गर्न नसकेको, कम्युनिष्टहरूको मुकाबिला गर्न तानाशाहहरूलाई संरक्षण गरिरहेको एक बिशेष स्थिति रहेको बुझ्नु पर्दछ। अर्को तिर सोवियत संध, खासगरी प्रजातान्त्रिक मुलुकहरूमा कम्युनिष्टहरूको सहयोगमा सत्ता हत्याउन चाहेको, र मध्य तथा दक्षिण एशियाली मुलुकहरूको स्वतन्त्रता अफगानिस्तानमा सोवियत कब्जाले गर्दा खतरामा परेको बुझाई हो। यस सन्दर्भमा, इंदिरा गांधीको बारेमा बीपी स्पष्ट हुनुहुन्थ्यो कि उनि सोवियत संधका पिछलग्गू थिईन। तिनताकमा नेपालका राजा बीरेन्द्र कम्युनिष्टहरूको जालमा परेको र प्रजातन्त्रवादीहरूलाई समाप्त पारेर कम्युनिष्ट नियन्त्रणको पंचायति व्यवस्थालाई दरो बनाउने सोवियत डिजायनले अन्ततस् नेपालको स्वतन्त्रतालाई नै समाप्त पार्ने बीपीको बुझाई रहेको थियो। यस तथ्यसंग राजालाई सहमत गराएर मुलुकलाई प्रजातान्त्रिकरणको दिशामा लिई जानु बीपीको नीति भनौं वा दृष्टिकोण थियो।

आज, हवाई जहाजमा सवार काँग्रेसी, आकाशमा उडी रहेको जहाजमा कुनै प्राविधिक गडबडी भएमा बीपीको मेलमिलापकै नीति पल्टाएमा पाईलटले तेसको मर्मत गर्न सक्ने, समाधान गर्न सक्ने गरी जसरी अर्थ लगाई रहेको देखिन्छ(यसको तेस्तो सर्वकालिक व्यापकता शायद बीपीले सोच्नु भएन होला। रोजगारी, जनताको आयबृद्धी, सर्वशुलभ स्तरीय शिक्षा, जनता प्रति लक्षित जन स्वाथ्य नीति, समावेशीकरण जस्ता आधारभूत बिषयहरू(जुन जनताका आधारभूत खोजी र चाहना हुन, यसको समाधान पनि बीपीको तेस सोचबाट खिच्ने प्रयत्न त वास्तवमा दिशाहीनता हो। न कि, बीपी प्रतिको आस्था।

## सम्पादकीय

# प्रदेश सरकारको गाम्भीर्यता देखिएन

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिन नदिन र रोकथामका लागि प्रदेश २ सरकार गम्भीर नरहेको देखिएको छ। कोरोना नियन्त्रण अभियानमा नागरिक समाजले सरकारलाई रचनात्मक सहयोग गर्दै आएपनि सरकारको पछिल्लो कार्यशैलीका कारण प्रदेश २ मा झन् जोखिम बढेको छ।

कोरोनाबाट जोगिन पर्याप्त समय हुँदा पनि प्रदेश सरकारले कुनै गम्भीरता देखाउन सकेको छैन। मुलुक कोरोना संक्रमणको दोस्रो चरणमा प्रवेश गरेको र परीक्षणको दायरा व्यापक बनाउनुको सट्टा प्रदेश सरकारको ध्यान त्यस तर्फ जान सकेको छैन। तसर्थ सरकारले समय पर्याप्त पाएर पनि पर्याप्त तयारी नगरिनु अत्यन्तै दुःखद् हो। मुलुक संक्रमणको दोस्रो चरणमा प्रवेश गरेको स्थितिलाई गम्भीरतापूर्वक लिएर परीक्षणको दायरा तत्काल व्यापक रूपले बढाएर युद्धस्तरमा कार्य गरिनुपर्छ।

---

**बाढीपहिरोको विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि पूर्वसचेतना कार्यक्रम, विपद्का बखत तत्कालका उद्धारका प्रबन्ध, अल्पकालीन र दीर्घकालीन राहतका काम पनि गहन समीक्षाका विषय बनेका छन्।**

---

विश्वव्यापी प्रभावजस्तै नेपालमा पनि कोरोनाले हरेक क्षेत्रलाई असहज बनाएको छ। सरकारले अन्य देशको अनुभव तथा नेपालमा संक्रमणको विद्यमान अवस्था मूल्याङ्कन गरी बन्दाबन्दी अन्त्य गरेकाले अर्थतन्त्र र नागरिक जीवनमा यो निर्णयले सकारात्मक परिणाम दिने अपेक्षा गर्न त सकिन्छ तर यससँग बढेको जोखिम तर्फ पनि प्रदेश सरकारको ध्यान जानु आवश्यक छ।

बन्दाबन्दी अन्त्य गर्नुको अर्थ संक्रमणको जोखिम अन्त्य भएको भन्ने होइन। अनन्तकाल बन्दाबन्दी गरिरहन सम्भव नभएकाले खुलाइएको बन्दाबन्दीलाई नागरिकले सशर्त सुविधाका रूपमा बुझ्नुपर्छ। बन्दाबन्दी खुलेपछि हुने व्यापक सामाजिक अन्तरक्रियामा आफ्नो स्वास्थ्यसुरक्षाका लागि सर्वसाधारणले अझ बढी ध्यान दिनुपर्छ। विज्ञहरूले बन्दाबन्दी अन्त्य गरिएसँगै संक्रमणको चुनौती थपिन सक्ने सम्भावना व्यक्त गरेका छन्।

त्यसकारण अहिले पनि नागरिकको स्वास्थ्यसुरक्षा प्रदेश सरकारको पहिलो प्राथमिकता हुनुपर्छ तर स्वास्थ्यका मापदण्ड पालनामा सर्वसाधारण आफैं पनि जिम्मेवार हुनुपर्छ। स्वास्थ्यका मापदण्ड पालना नगर्नेविरुद्ध प्रदेश सरकारले गर्ने कानुनी कारबाहीले मात्र संक्रमण नियन्त्रण नहुने भएकाले हरेक व्यक्ति जिम्मेवार हुनु आवश्यक छ।

अहिलेको आवश्यकता व्यापक परीक्षण हो। त्यो पनि आरडीटी होइन, पीसीआर परीक्षण नै नगरी कसरी भन्न सकिन्छ कोरोना संक्रमण खासै छैन भनेर ? नागरिक भोकभोकै छन्। सरकारले गरिबलाई राहत दिन सकेको छैन। बाटामा भोकभोकै परेका, रोजगारी गुमेर लालाबालासहित खालिपेट बाँच्नु परेकाजस्ता वर्गलाई कहिले वास्ता गरेन।

सरकारले कोरोना महामारीका बहुरूपी असरबाट जोगिन अरू केही गरेन। लकडाउन लगाइदियो, मानौं सरकारको दायित्व पूरा भयो। निश्चय पनि लकडाउन अनिवार्य हो तर, त्यति मात्र गरेर सरकारले आफ्नो धर्म पूरा गर्‍यो ? राज्यको संयन्त्र असफल भएको मात्र होइन, नागरिकप्रति निर्वाह गर्नुपर्ने न्यूनतम कर्ममा पनि उदासीन रहेको यी केही ज्वलन्त उदाहरण हुन्।

नेपालले पनि परीक्षणलाई व्यापक तुल्याएर जोखिम आकलन गर्नुपर्छ किनभने लकडाउन अझै फेरि पनि लाग्न सक्छ भन्न सकिँदैन। कोरोनाविरुद्धको औषधि (भ्याक्सिन) नबनुन्जेल यसको विकल्प छैन तर नागरिकलाई भोकभोकै पार्नु पनि हुँदैन। संक्रमण हुन नदिने, भइहालेमा उचित उपचार गर्ने, भोका नागरिकको देखभाल गर्ने दायित्वबाट प्रदेश र स्थानीय सरकार पन्छिन मिल्दैन। यस्तै आपत/विपत्का बेला सरकारको आवश्यकता पर्छ।

# बहुमतको निरंकूशता, भ्रष्टाचार र राजनीतिक अराजकता



उपेन्द्र झा

सुकीर्तिबाट आर्जन गरिएको लोकप्रियता मानवीय धरातलमा उभिएका कारण सन्तुलित र अडिग रहन्छ। त्याग, तपस्या, बलिदान र परिश्रमविहीन भाग्यको भरमा पाएको लोकप्रियता जन उत्तरदायी नभई नितान्त व्यक्तिवादी धरातलमा अस्थिर, कुनै पनि बेला ढल्ने किसिमले अडिएको हुन्छ। भारतको विरुद्ध अन्धराष्ट्रवादको नारा तथा चीनको विशेष अनुकम्पाका कारण परिस्थितिले नेकपाका अध्यक्ष केपी शर्मा ओलीलाई सगरमाथा उँचाईको समानान्तर राजनीतिक प्रतिष्ठा प्रदान गर्‍यो। यहाँ आएर प्रधानमन्त्री केपी शर्मा ओलीलाई ३ करोड जनताको प्रतिनिधित्व बोध नभएर देवत्व प्राप्त गरेको ठूलो भ्रम पर्‍यो। व्यक्तिवादी चरित्रको यस्तो उदाहरण विरलै पाइन्छ।

आफ्नो पार्टीका सहकर्मीहरुले काम गर्न दिएन, मीडिया पनि सरकारको विरुद्ध लागेका छन्, भारतले मेरो सरकारलाई ढाल्न खोज्यो भनेर ओलीजी आफ्नो निकम्मापनलाई ढाकछोप गर्न अनेक अनर्गल व्यंग्यात्मक तर्कहरु प्रयोग गरी अरुको तेजोबध गर्न पछि पर्नु हुन्न। देश र जनताको उन्नति, प्रगतिका लागि दृढ ईच्छाशक्ति, उच्च मनोवल र अदम्य साहस भएका व्यक्तिहरु एक्लै भएपनि समृद्धि ल्याएको प्रशस्त उदाहरण पाइन्छ। आफ्नो सुकर्मबाट जनताद्वारा दृढतापूर्वक स्थापित भएका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई विशालकाय भारत सरकारको बढ्दो प्रभावले चुनावमा केही बिगार्न सकेन। बीजेपीको अगाडि तृणकाय, केही अस्तित्व नभएका अरविन्द केजरीवाल जनताको काम गरेर अपार जन समर्थन पाएर ७० सीटमा ६३ सीट हात पारेर विजयी भई पुनर्स्थापित भए। यो परिश्रमको भरमा कमाएको लोकप्रियता थियो। दिल्लीमा आगो जस्तो फैलिई रहेको कोरोना संक्रमणले दिल्ली सरकारमाथि एकपल्ट फेरि संकटको बादल मँडारियो। सबैको सहकार्य तथा मुख्यमन्त्रीको सुझबुझबाट त्यो संकट विस्तारै हट्दै गएको छ।

छल, प्रपंच, जाल, फरेव, धोकायी पंचगुणबाट युक्त अहिलेको नेपाली राजनीतिले आदर्श, ईमान्दारी, सच्चरित्रता, परोपकार, निःस्वार्थ सेवा आदी परम्परागत मन्त्रबाट मुक्त भएदेखि हजारौंको संख्यामा राजनीतिकर्मीलाई धनवान बनाएको सर्वविदित उदाहरण छ। व्यक्ति आर्थिक रुपले समृद्ध भए देश आफै समृद्धशाली हुने शायद यही भ्रमात्मक सोचको आधारमा सबै आफ्नो कर्मक्षेत्रमा व्यस्त रहेका छन्। छल, प्रपंच, जाल, फरेव, धोका आजको राजनीतिमा चाहिने यी पाँच गुणको आधारमा ईजीमनी आर्जन गर्न राजनीतिक क्षेत्रबाहेक अरु कुनै उर्बर क्षेत्र नहुने भएकोले ज्ञानी, अज्ञानी सबै सक्रियतापूर्वक यसमा लागेका छन्। यस्ता कृत्यलाई भ्रष्टाचार भन्नुको साटो धन आर्जन गर्ने आचार संहिता भन्न थालिएको छ। राजनीतिमा आफ्नो वर्चस्वलाई दीर्घकालसम्म बनाई राख्न र जनतालाई उपासकको रुपमा राखी राख्न धनको आवश्यकता अपरिहार्य विषय हो। यही धनले शासक र शासितको शाश्वत सम्बन्धलाई कायम राख्दछ। एउटा साँसद बन्न करोडौं खर्च गर्नेको अगाडि जनता जितेर जानेको कल्पना सात जन्मसम्म गर्न सक्दैन।

एकपल्ट रौतहटमा घर भएर पनि जनताले माधव नेपाललाई हराई दिएपछि माधव नेपालले हारेकै अवस्थामा प्रधानमन्त्री बनेर देखाउनु भयो र पछि रौतहट निर्वाचन क्षेत्रमा कुबेरलाई पठाएर विजयी पनि बन्नु भयो। यही हो शासक र शासित बीचको भेद भनेर अप्रत्यक्ष उहाँले सबैलाई सन्देश दिनु भयो। लोकतन्त्र आएरै के भो ? यी शासकहरु जस्तो हिंसक जीवको चंगुलबाट मुक्त भए न लोकतन्त्र जनताको घरदैलोमा जाने हो। बडो कडाईका साथ कैद गरिएको लोकतन्त्रको दुर्दशा नेपाली जनताभन्दा फरक छैन।

संघीय लोकतान्त्रिक गणतन्त्र, बिनाअवरोध दुई तिहाई नजिक रहेको बहुमतको जनादेश पाएको शक्तिशाली सरकार, कमजोर प्रतिपक्ष, चीनको सवल सहयोग आदि अनुकूल वातावरण पाएर अहिले महामारीको रुपमा देखा परेको कोरोनासँग लड्न, बाढी, पहिरोले जनधनको क्षति गरी लाखौंको संख्यामा विस्थापित गरिएका परिवारजनलाई राहत वितरणको समस्यासँग जुध्न, लकडाउनका कारण अस्तव्यस्त बनेका उद्योगधन्दा, शिक्षण क्षेत्र, आम्दानीको हरेक क्षेत्र लामो समयदेखि बन्द रहेका कारण जनतामा बढेको बेरोजगारी, मँहगी आदि कारणले जनता राहत नपाई मर्ने अवस्थामा पुग्दा यो अवस्थालाई कसरी व्यवस्था गर्ने, लामो समयसम्म बन्दाबन्दीका कारण देशको आयस्रोत ठप्प भएको अवस्थामा के गर्ने आदि देशमा रहेका यावत् समस्यासँग लडेर जनतालाई राहत पुर्‍याउनुको साटो अन्तरपार्टी संघर्ष, पार्टी पार्टीबीचको संघर्ष, भागबण्डाको संघर्ष, सरकार गिराउने संघर्ष, साजिशपूर्ण राजनीतिको खेलमा सत्तापक्ष र विपक्ष सबैको समान रुपको गैर जिम्मेवार भूमिकाले नेतृत्वका अगुवा पात्रहरु सबै असक्षम रहेको पुष्टि हुन्छ।

यति धेरै राजनीतिक अनुकूलता प्राप्त गरेको पहिलो सरकार जसले सरकारमा गएर के के न गर्ने भनेर जनतासँग प्रतिबद्धता जाहेर गरेका थिए शासन (कुशासन होस् वा सुशासन) चलाउन यति असक्षम हुन्छ जनतालाई विश्वास गर्न कठीन भई रहेको छ। सरकार संचालनमा नेतृत्वकर्ता दायित्वविहीन भूमिकामा रहेपछि राजनीतिक अराजकता फैलिनु स्वाभाविक हो।

देशमा फैलिई रहेको राजनीतिक अन्योलबारे जनतालाई सुसूचित गर्ने प्रतिपक्षको भूमिका पनि अन्योलग्रस्त छ। बरु सत्तामा भागबण्डा पाउने आश लिएर अवसरको खोजीमा लागेका छन्। पारस्परिक लडाईको सार सत्ताको भागबण्डा नै हो।

अलिकतिको लापरवाहीले अमेरिकामा कोरोनाले मचाएको वितण्डाबाट पाठ सिकेर नेपालमा कोरोनाको महामारीबाट जनतालाई कसरी बचाउने भन्नेबारे तयारी गर्नुको साटो यसलाई अवसरको रुपमा प्रयोग गर्ने सरकारको नियतलाई के भन्ने ? बाढी पहिरोबाट जनधनको क्षति भई रहँदा राहत वितरण, पीडितहरुको असल व्यवस्थापन गर्नुको साटो यसमा आफ्नो राहत खोज्नु कुकृत्यको पराकाष्ठा होइन ? देशको हरेक जिल्लामा दिनहुँ भ्रष्टाचार गर्दै रंगेहात समातिएर अख्तियारको कार्वाहीमा परि जेल जाने कर्मचारीहरुबाट पाठ सिकेर सतर्क भई काम गर्नुको साटो कर्मचारीहरु कार्यालयमा निडर भएर घूस लिई भ्रष्टाचारलाई निरन्तरता दिई रहँदा यो देश कहाँ जान लागेको चिन्ताको विषय बनेको छ।

बहुमत वा संयुक्त कुनै सरकारले आफ्नो कार्यकाल पूरा गर्न नसकेको, पारस्परिक कलहमा फँसेको नेपालको राजनीतिक इतिहासको बिडम्बना जनताले भोग्दै आएको छ। यस्तै प्रसंगमा "सतीको श्राप लागेको देश" भनेर जनबोलीमा रहेको उखानको चर्चा पनि हुँदै आएको छ। बहुमत पाएर कुनै बेला प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला पनि निरंकूश बनेका थिए र छत्तीसे ग्रुपको निर्माण भएको थियो। आज पनि त्यही अवस्था सिर्जना भएको छ। आधी-आधीकाल ओली र प्रचण्डले सरकार चलाउने भद्र सहमति गरि विश्वासको आधारमा पारस्परिक सहयोगको वातावरण निर्माण भएको थियो। आधी कार्यकाल बित्दा ओलीले सरकारको ताज प्रचण्डलाई दिन नमानेपछि पारस्परिक सहयोग र विश्वासको आधार भत्कियो। ओलीमा जन्मिदै गइरहेको निरंकूशता त्यतिबेला प्रष्ट रुपमा देखिएको थियो। विस्तारै निरंकूशता झाँगिदै गयो। अनेक दाउ र तर्कबाट आफूमाथि आउने प्रहारबाट बच्दै तथा प्रहार गर्ने सबै सहकर्मीलाई पन्छाउँदै नेकपाभित्र ओलीले अन्तर संघर्षलाई चरमचुलीमा पुर्‍याएर विभाजनको रेखा खिचिदिएको छ।

> लोकतन्त्र आएरै के भो ? यी शासकहरु जस्तो हिंसक जीवको चंगुलबाट मुक्त भए न लोकतन्त्र जनताको घरदैलोमा जाने हो। बडो कडाईका साथ कैद गरिएको लोकतन्त्रको दुर्दशा नेपाली जनताभन्दा फरक छैन।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग प्रधानमन्त्री केपी शर्मा ओलीको केही दिनयता पारस्परिक गहन छलफललाई राजनीतिक वृतमा अर्थपूर्ण रुपमा हेरिन थालिएको छ।

केपी शर्मा ओली सरकारको आधी कार्यकालमा नै चौतर्फी आलोचना हुनु बहुमतको दुर्भाग्य हो। देशभरि भ्रष्टाचारको ताण्डव, नियम कानूनको अनुपस्थिति, न्यायको अन्याय रुप प्रकट हुनु, चीनसँग प्रगाढ मैत्री सम्बन्ध र भारतसँग प्रगाढ तनाव सिर्जना गर्नु आदि हरेक क्षेत्रमा सरकार असफल देखिएका कारण देश अहिले घोर अराजकतामा फँसेको छ। सरकार संचालनमा असफल तथा देवत्व प्राप्त गरेको अहंकारले प्रधानमन्त्री केपी शर्मा ओलीलाई निरंकूश बनाएको प्रष्ट छ। यो निरंकूशता देशको लागि स्वस्थकर छैन। यसले देशलाई ठूलो दुर्घटनामा जाक्ने सम्भावना देखिन्छ।

*janukjha24@gmail.com*

# प्रधानमन्त्री ओली विरूद्ध अविश्वास प्रस्ताव ल्याइन्छ : जसपा नेता कर्ण

काठमाडौं। जनता समाजवादी पार्टी, नेपालका नेता तथा सांसद लक्ष्मणलाल कर्णले वर्तमान सरकार यही गतिमा अघि बढे अविश्वासको प्रस्ताव ल्याइने चेतावनी दिएका छन्। उनले भने,'अहिले सत्तारूढ दलभित्रैबाट अविश्वासको प्रस्ताव ल्याउने कुरा आइराखेको छ। यो सरकारको विकल्प खोज्नुपर्छ। लोककल्याणकारी सरकारको नितान्त आवश्यक भइसकेको छ। यसको लागि हामीले सोच बनाइसकेका छौं।'

काठमाडौंमा भएको साक्षात्कारमा बोल्दै उनले वर्तमान सरकार छ कि छैन् ? भनेर खोज्ने अवस्था रहेको टिप्पणी गरे। उनले भने,'यो सरकार कतैपनि देखिएन। प्रत्येक वर्ष बाढि/पहिरोको समस्या आउँछ। तर, यो सरकार के हेरेर बसेको छ ? यो सरकार पाँच वर्ष नै चलोस् भन्ने हाम्रो कल्पना हो। तर, यो सरकारको कुनै काम छैन्। यसले काम गर्न सकेन्।'

उनले कोरोनाले भन्दा बढि मानिस बाढि/पहिरो र डुबानजस्ता विपत्तिमा परेर मरेको तथ्यांक पेश गरे। उनले भने,'हजारौं मानिसहरु घरवारविहीन भएका छन्। यसको जिम्मेवारी कसले लिने ? वर्षभरि नै सरकार सुतेर बस्ने हो ? जनताले सुखमा सरकारलाई सम्झिँदैनन्, दुःख पर्दा र आपतविपदमा नै सम्झिने हो नि, अहिले विपदमा सम्झिँदापनि सरकारले केही गर्न सकेको छैन्। यो सरकार कहींपनि सफल भएको छैन्।'

उनले सर्वोच्च अदालतले रञ्जन कोइरालाबारे गरेको फैसलाको सम्बन्धमा प्रधानन्यायाधीश र न्यायाधीशविरुद्ध महाअभियोग लगाउनुपर्छ भनेर केही नेताहरुले र सामाजिक सञ्जालमा भएका टिप्पणीको विरोध गरे। उनले भने,'म महाअभियोग लगाउनुपर्छ भन्ने पक्षमा छैन्। कोर्टको निष्पक्षतालाई सबैले मान्नुपर्छ। न्यायमूर्तिहरुलाई विवेक प्रयोग गर्ने कानूनी अधिकार छ। यस सम्बन्धमा पुनरोवलकन गर्ने भनेर निवेदन दर्ता भएको कुरा आएको छ।'

# केपी ओलीको कमजोर सैद्धान्तिक र वैचारिक धरातल



**हरिचरण साह**

केपी ओली र प्रचण्डले जसरी झण्डै दुई तिहाइको बहुमत पाए, त्यो अनमेल विवाह भएको जस्तो हो । ओली शरणम् गएको प्रचण्डले केही गर्न सक्दैन भन्ने लाग्छ । प्रचण्डले केपी ओलीको राजीनामा गराउन सक्दैनन् । माधव नेपाल त एउटा नाटककार हुन्, पहिलेदेखिका भ्रष्टाचारी हुन् । यिनीहरुको एकल जातीय शासन जुन स्थापित भएको छ, त्यसमा प्रचण्ड पनि सहपाठी भएको हुनाले यिनीहरुको पदीय लोलुप्ता मात्रै हो । संवैधानिक पदहरुको बाँडफाँडको कुरा मात्रै नमिलेको हो । ठूलठूला भ्रष्टाचारहरु भइरहेका छन्, त्यसमा मैले खान पाइन भन्ने यिनीहरुको भित्री आवेग मात्रै निस्केको हो । प्रचण्ड, माधव नेपाल र झलनाथ खनाल पहिला पनि प्रधानमन्त्री भइसकेका छन्, यिनीहरुले देखेका छन् कि यसरी लुट्न सकिन्छ । अहिले लुट्ने कुरामा एक्लै ओली गुटले मात्रै लुटिरहेकोले यिनीहरुलाई छटपटी भइरहेको छ । त्यसले गर्दा मात्रै नेकपाभित्र यस्तो विवाद देखिएको हो ।

नेकपाले चाह्यो भने केन्द्रीय कमिटीको निर्णय गरी ओलीलाई पार्टी अध्यक्षबाट फिर्ता बोलाउने अधिकार हुन्छ । तर, महाधिवेशनबाट केपी ओलीलाई अध्यक्ष पदबाट हटाउन सक्छ भने संसदीय दलबाट निर्णय गरेर संसदबाट प्रधानमन्त्रीलाई फिर्ता बोलाउन सकिन्छ ।

नेपालमा अहिलेसम्म विभिन्न शासन व्यवस्थाहरु परिवर्तन हुँदै आएको इतिहास त हामीसँग छँदैछ नि । त्यत्रो जनताको शहादत प्राप्त भएर, हामीले बहुदलीय व्यवस्थाका लागि त्यति लडाइ गरेका हौं । २०३६ सालमा जब पञ्चेहरुले बहुदलीय आन्दोलनमा प्रहार गर्दै थिए त्यतिबेला हामी आन्दोलनमा थियौं । त्यसकारणले सत्ताधारी दलले गल्ती गर्दै गए भने शासन व्यवस्था परिवर्तन हुँदैन भन्न सकिन्न । तर, जनतालाई सन्तुष्ट गर्न गाह्रो छ । विश्वमा लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाभन्दा कुन चाहीँ राम्रो व्यवस्था हुन सक्छ त ? त्यसकारणले अहिलेको शासन व्यवस्था परिवर्तन हुने सम्भावना छैन । नेपाली जनता दलले त्यसको सम्भावना देख्दैन । कसैले चीनको सी जिनपिङ नीति, एकल पार्टी नीति ल्याउँछु अथवा पहिलेको जस्तो राजतन्त्र ल्याउँछु भनेर सोच्नु गल्ती हुनेछ । जनतामा यति सचेतना छ कि लोकतान्त्रिक गणतान्त्रिक शासन उपभोग गर्न पाउनुपर्छ । त्यसकारणले व्यक्ति परिवर्तन हुन्छ, पार्टी परिर्वन हुन्छ । अर्को नयाँ शक्ति उभार भएर आउनसक्छ तर यो लोकतान्त्रिक गणतान्त्रिकमाथि कुनै किसिमको संकट छैन । यदि कसैले दुष्प्रयास गर्छ भने असफल हुन्छ ।

केपी ओलीले पहिला पनि भनेकै छन् कि बैलगाडामा चढेर गणतन्त्रसम्म पुग्न सकिन्छ र त्यसरी भन्ने व्यक्तिहरु अहिले परिवर्तित भएर आएका छन्, गणतन्त्रलाई स्वीकार गरेका छन् । जनताद्वारा जनताकै सरकार बनेको छ । अब गल्ती गर्छन् भने जनताले हेरिरहेका छन्, परिवर्तन गर्छन् । अब दुई वर्ष बाँकी छ चुनावको लागि । अहिले कोरोना महामारीको बेलामा जनता छटपटाइरहेका छन्, सरकारले कोरोना रोकथामका लागि राम्रोसँग व्यवस्थापन गर्न सकिरहेको छैन । सरकारले कोरोना महामारी रोकथाम तथा राहतमा ध्यान दिनुपर्ने हो । तर, सरकारले आफ्नो अकर्मण्यता लुकाउनका लागि राजीनामा जस्ता कुराहरु उठाइरहेका छन् । कोरोना महामारीबाट जनताको ध्यान भड्काउनका लागि केपी ओलीले नक्सा प्रकरण ल्याएर नेपाल र भारतको सम्बन्ध बिग्रिँदै गएको छ । यो विषयमा भारतले छिटो वार्ता गर्नुपर्दथ्यो । हाम्रो यस्तो सुमधुर सम्बन्धलाई किन बिगार्ने भनेर पनि भारतले वार्ता गर्नु पर्दथ्यो । अर्को कुरा यो दुई तिहाइको सरकार ढाल्नेतिर जानुभन्दा स्थिरताका लागि विधिसम्मत तरिकाले देशको संविधानलाई पालना गर्नुपर्छ । सरकार परिवर्तनका लागि चुनाव नजिकिँदै गएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चालाखीपूर्ण अभिव्यक्तिहरुले आफ्नो र पार्टीको पक्षमा जनमत जुटाउने खोक्रो राष्ट्रवाद मात्रै हो । यो कुरा उहाँ माहिर हुनुहुन्छ । त्यतिखेर संविधानमा सबै अधिकार समेटिनुपर्छ भनेर म पनि वकालत गरिरहेको थिएँ, ५४ बुँदे संशोधन प्रस्ताव राखेको थिएँ । म मधेशको मान्छे भएपनि हिमाल, पहाड, तराई, मेचीदेखि महाकालीसम्म सबै नेपाली हौं भनेर सामाजिक न्यायका लागि जुन लडाइ लडिरहेको बखतमा केपी ओलीको खोक्रो राष्ट्रवादी अभिव्यक्तिले मात्र नेकपाको आज यो बहुमत आएको छ । उनले कुनै कम्युनिष्ट वा विचार सिद्धान्तको मत पाएका होइनन् । भारतविरोधी मानसिकता विकास गर्न सकिन्छ यो देशमा भनेर नै त्यस्ता अभिव्यक्ति दिन केपी ओली माहिर छन् । केपी ओली पार्टी र जनताका बीच पनि अलोकप्रिय हुँदै गएको बेला फेरि एउटा नयाँ अभिव्यक्ति दिनुभयो कि भगवान रामको जन्मभूमि पर्साको ठोरीमा छ, नेपालमै राम जन्मेको भन्ने अभिव्यक्तिहरु दिएका छन् । भारतले पनि विवादित भूमिबारे वार्ता गर्नुपर्छ । तर प्रधानमन्त्री केपी ओलीले भारतका विरुद्धमा विभिन्न अभिव्यक्तिहरु दिएर वार्ताको वातावरण बिगारिरहेका छन् । केपी ओलीले भारतविरोधी अभिव्यक्तिहरु दिएर फेरि पनि सोझासाझा जनताको मत आफूतिर तान्न खोज्नुभएको हो । केपी ओलीको चलाखीपूर्ण अभिव्यक्तिका कारणले भारतसँग वार्ताको कुरा अगाडि बढिरहेको छैन । भारतलाई जसरी पनि चिढाइराख्ने, वार्ताको वातावरण नबनोस् र आफ्नो सत्ता टिकिरहोस् भन्ने मनसाय मात्रै केपी ओलीको रहेको छ । हामी कम्युनिष्ट हौं, धेरै राष्ट्रवादी हौं भन्ने खालका कुराहरु बोलेर आफ्नो भोटबैंक बनाएका हुन् । केपी ओलीको सैद्धान्तिक र वैचारिक दृष्टिकोणबाट भोट ल्याउने कुरा छैन ।

प्रचण्डको एउटा पुरानो भिडियो सार्वजनिक भएको छ । यिनीहरु भारतमा बसेर नेपालमा जसरी माओवादीको क्रान्ति अगाडि बढाएका थिए, जनताका हितमा पनि केही कामहरु भइरहेका थिए तर बढी अहितमा हुन गयो । जब प्रचण्डले सैद्धान्तिक दृष्टिकोण छोडे, नयाँ नेपाल निर्माण गर्ने कुरा छोडेपछि पतन भएर ओली शरणम् गएको हुनाले भारतसँग लागेर सत्तालाई ढाल्छ, मेरो कुर्सी फाल्दैछ भन्ने शंका गर्नु ओलीको स्वाभाविक कुरा होला । किनभने यिनका पनि कुर्सी कुनै बेला भारतले बसालिदिएको होला । त्यसकारणले केपी ओलीले भाषा बुझेका छन्, जनतामाथि विश्वास छैन । जनताले दिएको मतादेशबाट बनेको सरकारलाई कसले ढाल्न सक्छ ? आफ्नो जनता, पार्टी, देश र संसदलाई प्रधानमन्त्री ओलीले त आफैले समाल्नुपर्छ नि । आफूले सबैलाई सम्हालेर राखून्जेल मेरो नेतृत्व क्षमता हुन्छ नि । सहमतिमा राख्न सक्दैन भने तुरुन्त राजीनामा गर्नुपर्छ । त्यो खालका कुराहरु गर्नुपर्ने हिम्मत हुनुपर्ने हो । तर त्यो सिस्टममा न त यिनका पार्टीका विद्रोहीहरु हिंडिरहेका छन् न प्रधानमन्त्रीको पक्ष हिंडेका छन् । अहिले कोरोनाको बखतमा जनतालाई भुल्याउने, देश लुट्ने र शासनसत्तामा बसेर संवैधानिक पदहरु बाँडफाँड गर्ने दाउमा मात्रै छन् नेकपाका नेताहरु । अर्कण्य कार्यहरुतिर लागेर भ्रष्टाचारी गरेर फेरि अर्को चुनावमा जनतालाई मुर्ख बनाउने काममा लागेका छन् । पैसाकै बलमा चुनाव जित्न सकिन्छ भन्ने हिसावले अहिले क्रियाकलाप गरिरहेका छन् । तर जनताले यी कुराहरु थाहा पाइसकेका छन् । समस्त राष्ट्रको विकास कसरी हुनसक्छ भनेर एउटा नयाँ पार्टी, नयाँ विचार, नयाँ नेतृत्व छान्नु पर्ने कुरामा जनताले विचार गर्नुपर्ने हो ।

कसैले राजीनामा माग्यो भने दिइहाल्नुपर्ने काम गर्नु हुँदैन । त्यसको प्रक्रिया छ । संसद बोलाउने, अविश्वासको मत प्रस्ताव दर्ता गराउनुपर्‍यो तिनीहरुले । त्यो गर्न सक्नुपर्‍यो नि त । प्रधानमन्त्री गलती गर्छन् भने छोड्नु भनेको यिनीहरु पनि भित्रभित्रै मिलेका छन् । जनतालाई ठग्ने, ढाँट्ने, लुटिरहने कुरामा यिनीहरु सबैको मिलिभगत हुनसक्छ ।

गत निर्वाचनमा हामीले प्रदेश र संघीय निर्वाचनमा सफलता हासिल गर्न सकेनौं । तर, स्थानीय तहमा हामीले केही ठाउँमा जितेका छौं । निश्चितरुपमा हामीले प्रदेश र संघीय संसदको निर्वाचनमा असफल भयौं, यसको एउटा मात्रै कारण छ, जुन कारण फेरि पनि दोहोरिन सक्छ । वैचारिक र सैद्धान्तिक संघर्षमा लागेका हामी गरिब जनताको उत्थानका लागि, देशको विकासका लागि, न्यायका लागि हामी लडिरहेका छौं । अन्याय र अत्याचार गर्नेहरुको धनको लोभमा जनता फस्छन्, त्यसकारण हामी प्रदेश र संघीय निर्वाचनमा जित्न सकेनौं । यिनीहरुले चुनावका बेला कुखुरा, माछा, दारु र नोट दिए, त्यहींअनुसार जनताले पनि भोट दिए । त्यसकारणले अहिले तिनीहरु शासनसत्तामा छन् र जनतामाथि उत्पीडन लाद्दै आएका छन् । तर, हामी नेपाली जनता दल संसदमा छैन भन्दैमा देशमै छैन भन्ने कुरा नगरौं । हामीले दैनिकरुपमा देश र जनताको पक्षमा उठाउँदै आएका छौं ।

*(साह नेपाली जनता दलका राष्ट्रिय अध्यक्ष हुन्)*


सडक सबैको साझा सम्पत्ति हो,
सडक अतिक्रमण नगरौं ।
सडकमा खुला चौपाया छोड्नाले
दुर्घटना हुने हुँदा सडकमा
चौपाया खुला नछाडौं ।

डिभिजन प्रमुख
तथा
सडक डिभिजन भक्तपुर
भक्तपुर


## मधेश अपडेट

### जनकपुर प्रादेशिक अस्पताल सिल

जनकपुरधाम । धनुषामा एक कोरोना संक्रमितको मृत्यु भएपछि जनकपुरस्थित प्रादेशिक अस्पताल सिल गरिएको छ । संक्रमण फैलिन नदिन अस्पतालको इमरजेन्सी वार्ड र आइसियु वार्ड सोमबार बिहानदेखि सिल गरिएको हो । अस्पतालका निमित्त प्रमुख डा. जामुन सिंहले इमरजेन्सी वार्डलाई २४ घण्टा र आइसियु वार्डलाई ७ दिनका लागि सिल गरिएको जानकारी दिए । उनका अनुसार जिल्ला विपद व्यवस्थापन समितिअन्तर्गत रहेको कोभिड व्यवस्थापन समितिको बैठकले मृतक बिरामी भर्ना गरिएको इमर्जेन्सी र आइसियु वार्ड सिल गर्ने निर्णय गरेको हो । मृतकको शव व्यवस्थापन गर्ने जिम्मेवारी पनि नेपाली सेनालाई दिने निर्णय भएको छ । धनुषा शहीदनगर नगरपालिकाका ८ का ३८ वर्षिय व्यावसायीको आइतबार मृत्यु भएको थियो । शनिबार उनी उपचारका लागि अस्पताल पुगेका थिए । उनको उपचार चिकित्सकले पिपिई बिना नै गरेको थियो । मृतकको उपचारमा संलग्न चिकित्सक र उनलाई अस्पताल लगेका आफन्तसहित सम्पर्कमा आएका सबैको पिसिआर परीक्षण गरिने अस्पतालले जनाएको छ ।

### संवैधानिक व्यवस्थामा रहेको त्रुटिका कारण नेकपाभित्र संकट उत्पन्न भयो : सांसद साह

गौर । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले संवैधानिक व्यवस्थामा रहेको त्रुटिका कारण पार्टी भित्र संकट उत्पन्न भएको जीकिर गरेका छन् । रौतहटमा बुधबार आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले सम्झौताको आधारमा निर्माण भएको संविधानमा समावेश गरिएका कतिपय समय र सिद्धान्त विपरीत व्यवस्थाकै कारण नेकपामा नेतृत्व तहमा विवाद सिर्जना भएको बताए । 'अहिले जुन संविधान छ, यो सम्झौताको बलमा तयार भएको संविधान हो । संविधानमा कतिपय ठाउँमा आवश्यकताभन्दा विपरीत ध्रुवको व्यवस्था पनि समावेश भएको छ जसले गर्दा यो संविधानमा अपूर्णता छ । त्यही अपूर्णता कारण आज हाम्रो पार्टीमा संकट उत्पन्न भएको हो' अध्यक्ष साहले भने, 'अहिलेको संविधानले न त कम्युनिष्ट सिद्धान्त बोकेको छ न त कांग्रेसकै, समग्रमा भन्ने हो भने हालको संवैधानिक व्यवस्था खिचडी जस्तो भएको छ । र पार्टी भित्र देखिएको विवाद त्यही त्रुटिपूर्ण व्यवस्थाको उपज हो ।' राजनीतिक स्थिरता र निरन्तर विकासका लागि संविधानमा रहेको त्रुटि सच्याउनुपर्ने नेता साहको भनाई थियो । साथै नेता साहले पार्टी एकताका पक्षमा उभिन र सहमतीका आधारमा अगाडि बढ्न नेताहरुलाई दबाब दिन कार्यकर्ता अगाडि आउनुपर्ने बताए ।

### लगातार वर्षाका कारण पहिलोको जोखिम

रुपन्देही । लगातारको वर्षाले बुटवल उपमहानगरपालिका-४ को गैरीगाँउ क्षेत्र पहिरोको उच्च जोखिममा परेको छ । वर्षाले लक्ष्मीनगर, गैरीगाउँ र लक्ष्मीपार्क माथिको चुरे पहाड खसेपछि गैरीगाउँको बस्ती पहिरोको उच्च जोखिममा परेको छ । पहिरोले गैरीगाउँका ३ घरपरिवार विस्थापित भएका छन् । उनीहरुलाई नजिकैको सामुदायिक भवनमा सारेको बुटवल-४ का वडाअध्यक्ष टंकप्रसाद पराजुलीले बताए । उनका अनुसार गैरीगाउँका २० घर पहिरोको उच्च जोखिममा छन् । उनीहरुलाई सचेत रहन आग्रह गरिएको छ । पानी बढ्दै गए राति २० घरलाई पनि सामुदायिक भवनमै सार्ने उनले बताए । चुरेबाट भेल लिएर आएको सुखौरा खोलाले दर्जन रुख ढालेपछि धार परिवर्तन हुँदा गैरीगाउँ माथि पहिरो खरेको छ । पहिरो खसेको क्षेत्रमा बुटवल उपमहानगरपालिकाका जनप्रतिनिधि र सुरक्षा निकायले स्थलगत अनुगमन गरेका छन् ।

### वीरगञ्जमा फ्ल्याग टावर

वीरगन्ज । पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदीप यादवले मुलुकको मुख्य नाका वीरगन्जमा नेपालको राष्ट्रिय झन्डासहितको 'फ्ल्याग टावर' निर्माण गराएका छन् । एक सय दस फिट उचाई भएको टावरमा ३० फिट लामो राष्ट्रिय झन्डा ठड्याइएको छ । संसदीय विकास कोषबाट उनले उक्त टावर निर्माण गराएका हुन । वीरगञ्जको शंकराचार्यद्वार अगाडि १३ लाख ६२ हजार रुपैयाँमा निर्माण गरिएको झन्डासहितको टावर सांसद यादवले उद्घाटन गरे । संसदीय पूर्वाधार विकास कोषबाट १० लाख र बाँकी अपुग रकम आफ्नो तलब भत्ताको रकमबाट फ्ल्याग टावर निर्माण गरिएको सांसद यादवले जनाए । मुलुकको मुख्य प्रवेशद्वारमा राष्ट्रको गौरव र सम्पूर्ण नेपालीको पहिचान झल्कने राष्ट्रिय झन्डा स्थापना गरेर गर्वको अनुभूति भएको उनले बताए । उनका अनुसार खुला सीमाका कारण वीरगन्ज र रक्सौललाई छुट्याउन नसक्ने भएकाले नेपाल प्रवेश गर्ने भारतीय र अन्य विदेशीलाई आफू नेपालमा प्रवेश गरेको अनुभूति यो राष्ट्रिय झन्डाले दिने छ ।

### लुकेर आउादा कोरोना फैलियो : मुख्यमन्त्री

वीरगञ्ज । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले वीरगञ्ज र राजविराजमा लुकिछिपी नेपाल छिरेका भारतीय नागरिकका कारण कोरोना संक्रमण फैलिएको बताएका छन् । उनले सीमा क्षेत्रमा कडाई गर्न सुरक्षा अधिकारीलाई निर्देशन दिइसकेको बताए । 'खुल्ला सीमाका कारण झुण्ड-झुण्ड भारतीय नागरिक आएका छन् । उनीहरुबाट नै कोरोना संक्रमण फैलिएको छ' उनले भने 'सीमा क्षेत्रमा कडाइ नगरी हुँदैन, वीरगञ्ज उद्योग वाणिज्य संघमा मंगलबार आयोजित सर्वपक्षीय छलफलमा मुख्यमन्त्री राउतले विषम परिस्थितिको सामना गर्न राजनीतिक दल एक हुनुपर्ने बताए । 'महामारी नियन्त्रण संघीय सरकारको जिम्मेवारी हो भनेर हामी बसेका छैनौं । सकेको सहयोग गरिरहेका छौं । अहिले एक अर्कालाई दोष दिएर पार लागिदैन' मुख्यमन्त्रीले भने

'वीरगञ्जमा तीन जना भारतीय जमातीमा कोरोना संक्रमण पुष्टि भएपछि जुन किसिमले व्यवस्थापन भयो । अहिले त्यसरी नै काम हुनुपर्छ । त्यसका लागि यहाँका राजनीतिक दल एक हुनुपर्छ,' राउतले भने । नारायणी अस्पताल केन्द्र सरकारको मातहत भएपनि मलेकुलर ल्याब स्थापनाका लागि ५० लाख, खानाका लागि २५ लाख र लाखौं मुल्यको अन्य सामाग्री प्रदेश सरकारले सहयोग गरेको उनले बताए । वीरगञ्जमा कोभिड अस्पताल स्थापनाका लागि ठाउँ छनौट गरिसकेपछि प्रदेश सरकारले सक्नेजति आर्थिक सहयोग दिने उनले वाचा गरे । छलफलमा सहभागी अन्यले वीरगञ्जमा कम्तीमा ५ सय बेडको कोरोना अस्पताल आवश्यक रहेको बताए । वीरगञ्जको स्थिति बिग्रदै गएकोले यहाँका बासिन्दालाई बचाउनका लागि कोरोना अस्पताल तत्काल बन्नुपर्ने उनीहरुको धारणा छ ।

### रोकथाममा कुनै वस्तुको आभाव हुन नदिने

राजविराज । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोरोनाको उच्च जोखिममा रहेको सप्तरी जिल्लाको स्थलगत निरीक्षण गरेका छन् । कोरोनाको अवस्था, रोकथाम, नियन्त्रण तथा उपचारमा भइरहेको गतिविधि तथा आगामी दिनमा चाल्नु पर्ने कदमबारे बुझ्न सोम सप्तरीको सदरमुकाम राजविराज पुगेका मुख्यमन्त्री राउतले कोरोना संक्रमण नियन्त्रण तथा रोकथाम कार्यलाई उच्च प्राथमिकतामा राख्न निर्देशन दिए । समाजिक विकासमन्त्री नवल किशोर साह, चार वटै सुरक्षा निकायका प्रदेशस्थित प्रमुखहरुलाई सँगै लिएर राजविराज पुगेका मुख्यमन्त्री राउतले कोरोना संक्रमणको वस्तु स्थिति तथा तयारीबारे सप्तरीका सरोकारवालाहरुसँग छलफल समेत गरेका छन् । वर्तमान अवस्थामा विकास निर्माण कार्यलाई समेत थाती राखेर जनताको जीवन जोगाउने कार्य प्रमुख रहेको छलफलको क्रममा बताउँदै मुख्यमन्त्री राउतले भने, 'विकास निर्माणभन्दा जनताको जीवन जोगाउनु आवश्यक छ, यसकालागि सम्पूर्ण व्यवस्थापन गर्न प्रदेश सरकार तयार छ । महामारी रोकथाम , नियन्त्रण तथा उपचारमा कुनै प्रकारको कमी हुन दिने छैनौ ।' स्वास्थ्यकर्मीलाई पीपीई, मास्क, ग्लोभ्स, स्यानिटाइजर, औषधीसहित अन्य अभावलाई कमी हुन नदिन आवश्यक रकमको प्रबन्ध मिलाउन प्रदेश सरकार प्रतिवद्ध रहेको बताउँदै मुख्यमन्त्री राउतले तत्काल सप्तरीमा आवश्यक व्यवस्थापन गर्न एक करोड रुपैयाँ उपलब्ध गराउने घोषणा समेत गरे । न्यून श्रोत साधनका बिच कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्यकर्मी, स्थानीय सरकारका जनप्रतिनिधि एवम् कर्मचारीहरुले निभाएको भूमिकाको उनले प्रशंसा गरे । सप्तरीमा कोरोना भाइरस समुदायस्तरमा प्रवेश गरिसकेको भन्दै उहाँले पीसीआर परीक्षणको दायरा बढाउनकालागि तत्काल मेसिन थप्न सम्बन्धित मन्त्रालयलाई निर्देशन समेत दिए ।

# नेकपामा नीति एउटाको तर नेतृत्वमा अर्कै



पुष्पकमल दाहाल 'प्रचण्ड'

कम्युनिस्ट पार्टीभित्र हुने संघर्ष स्वभाविक हो । पार्टीबाहिर समाजमा चल्ने संघर्षकै प्रतिबिम्ब कम्युनिस्ट पार्टीभित्रको संघर्षमा हुन्छ । कहिले श्रमजीविप्रति निष्ठावान हावी हुन्छन् कहिले विजातीय प्रवृति हावी हुन्छन् । एकता, संघर्ष, रुपान्तरण र फुटसम्म पनि हुन्छ । मार्क्स र एंगेल्सले नै यसबारे भन्नु लेख्नु भएको छ । यसबारे अध्ययन गर्नु आवश्यक छ ।

कम्युनिस्ट पार्टीभित्र एकता चोचोमोचो मिलाएर हुने होइन । संघर्षकै माध्यमबाट एकता पनि बलियो हुने हो । पार्टीभित्र र बाहिर पनि हुने विचारको संघर्षले नेतृत्वलाई परिपक्व र एकताबद्ध बनाउने हो । संघर्ष र बहसभन्दा बाहिर तथाकथित एकताको माला जपेर एकता हासिल हुने होइन ।

कम्युनिस्ट पार्टीको सच्चा नेता र कार्यकर्ताले एकता, संघर्ष, रुपान्तरण र यसबाट फेरि नयाँ आधारमा नयाँ एकता हालिस गर्ने सोच र विधि लिनुपर्दछ । यसो गर्दा एकता नै हासिल नभएर फूटमा जान पनि सक्छ । यसबारे एंगेल्सले पनि भन्नु भएको छ ।

पुष्पलालले नेपालमा कम्युनिस्ट पार्टी स्थापना गर्नुभयो । तर, २००८ सालपछि उहाँलाई नेतृत्वबाट हटाइयो । पछि महासचिव बन्नबाट रोकियो । २०१४ सालमा पुष्पलालको नीति र विचार पारित भयो । पार्टी उहाँको नीति र विचारमा चल्यो तर नेतृत्व रायमाझी (केशरजंग रायमाझी) को भयो । नीति एउटाको तर नेतृत्व त्यसका विरोधीको । तपाई हामीले यसो हेर्‍यौं भने अहिले पनि त्यस्तै भएको हो कि ? नीति र विचार एउटाको हुने तर नेतृत्व अर्कैको हुने भएको हो कि ।

आज हामीले भोग्नुपरेको समस्याको चुरो त्यतै कतै छ कि भनेर वरिपरी हेर्नु जरुरी छ जस्तो मलाई लाग्छ । किनभने २०१४ मा पुष्पलालको जनवादी क्रान्तिको नीति पारित भएर पनि राजापरस्त रायमाझी आउने जुन प्रवृति देखियो आज पनि हामीले त्यस्तो नहोस् भनेर हेर्नुपर्ने छ । यदि त्यस्तै हुने हो भने १४ सालपछि जस्तो स्थिति आयो त्यस्तै हुनेछ । २०१४ सालपछि नीति एउटा र नेतृत्व अर्को भएपछि त्यो कम्युनिस्ट आन्दोलन दूर्घटनामा जाने नै थियो । त्यसमा कसैको पवित्र इच्छा हुँदैमा रोकिने कुरा होइन । वैज्ञानिक नियमअनुसार नै त्यो अघि बढ्छ ।

तर, फूटपछि पनि कम्युनिस्ट आन्दोलन समाप्त भएन । त्यसलाई अर्को पुस्ताले फेरि झन्डा बोकेर अघि बढायो । त्यसपछि नेपालको कम्युनिस्ट आन्दोलन दुई धारका रुपमा अघि बढ्यो जसलाई २०७५ आएर हामीले एकै ठाउँमा ल्यायौं ।

निकै ठूलो उत्साह र निकै ठूलो भरोसा आम जनता र पार्टीभित्र पैदा भयो । तर, कार्यकर्ता र जनताको मनमा कतै यो एकता महाधिवेशनमा नपुग्दै फुट्ने त होइन भन्ने आशंका छन् । हामीले गठबन्धन बनाएर एउटै उम्मेदवार बनाएर चुनावमा जाँदा घोषणापत्रका केही आधारहरु बनाएका थियौं । हामीले उन्नत अर्थतन्त्रसहितको सम्वृद्ध नेपालको एउटा सपना दिएका थियौं । त्यसले जनतामा आशा र भरोसा पैदा गरेको थियो । त्यहाँदेखि यहाँसम्म आउँदा हामीले त्यसलाई कति कायम राख्न सक्यौं ? सक्यौं कि सकेनौं ? सकेनौं भने के कारणले सकेनौं के त्यस्तो कारण परेको छ ?

अहिले बिहानै बेलुकै समाचार सुन्दा कुन नहुने समाचार सुन्नुपर्ने हो भनेर जुन संत्रासयुक्त मन लिएर बस्नुपरेको अवस्था छ, यति छिटै, एकता प्रक्रिया नटुंगिँदै यस्तो अवस्था किन पैदा भयो ? आजको महत्वपूर्ण यक्ष प्रश्न यही छ । यसको जवाफ पार्टीमा खोज्ने प्रयास हामीले गरिरहेका छौं ।

कम्युनिस्ट पार्टी भनेको सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी लिएर चल्ने पार्टी हो । त्यस्तो सामूहिक नेतृत्व हामीले विकसित गर्न सक्यौं कि सकेनौं ? दुई वर्षसम्म केन्द्रीय समितिको बैठक गर्न सकेनौं । जब कि ६ महिनामा बैठक गर्नुपर्ने विधानमा छ । बैठकै नबसेपछि सामूहिक छलफल र निष्कर्ष भन्ने नै भएन ।

पार्टी भनेको विवेक हो, सरकार भनेको सत्ता हो । कम्युनिस्ट पार्टीमा विवेकले सत्ताको नेतृत्व गर्नुपर्छ । त्यो भनेको पार्टीले सत्ता चलाउने हो । सरकारले पार्टीमाथि हैकम चलाउनेजस्तो स्थिति भयो भने त्यो तपाई हाम्रो वैज्ञानिक मान्यताभन्दा बाहिरको कुरा हुन्छ ।

पछिल्लो दुई वर्षलाई हेर्दा कतै विवेकले सत्तालाई चलाउने नभइ सत्ताले विवेकलाई चलाउने अवस्था भएको हो कि ? समूहको अधिनस्थ व्यक्ति हुनेभन्दा व्यक्तिको अधिनस्थ समूह भएर जाने खतरा पो पैदा भएको हो कि ?

हामीले जनतालाई सुशासन दिन्छौं भन्यौं । तर श्रृंखलाबद्ध रुपमा उठिरहेका प्रश्नहरु र भ्रष्टाचारबारे उठिरहेका प्रश्नहरुको निरुपणमा हामी कति सफल भयौं ? हामीले विचारलाई प्राथमिकता दिने या पावरलाई भन्ने प्रश्नमा हामी कसरी गइरहेका छौं ? अघि यहाँ कुरा आयो( हुँदा हुँदा हाम्रो पार्टीमा त बैठक बस्न पनि निकै ठूलो कसरत गर्नुपर्ने र बैठक बसिसकेपछि बैठकको ओज महत्व र गरिमलाई कायम राख्ने कि नराख्ने भन्ने डिबेटहरु पनि हामीले सुन्नु परेकै छ ।

राष्ट्रियताको सवालमा जब नक्साको कुरा उठ्यो, जब भारतले नेपालको भूभागलाई समेत राखेर नक्सा निकाल्यो, त्यो बेला कार्यकारीका रुपमा स्थायी समितिको बैठकको अध्यक्षता मैले गरिररहेको थिएँ । जब भारतले हाम्रो भूभाग समावेश गरेर नक्सा निकालेको थाहा भयो हामीले अरुको एक इन्च पनि चाहिएन, हाम्रो एक इन्च भूमि पनि छोड्दैनौं भनेर तत्काल आफ्नो भूमिसहितको नक्सा प्रकाशन गर्ने निर्णय स्थायी समितिबाट गर्‍यौं ।

र, मैले सरकारलाई नक्सा प्रकाशन गर्न ढिलो गर्नु हुँदैन भनेर पुस महिनामा भनेको हो । त्यतिबेला सरकराले नक्सा किन निकाल्ने सिधै भूमि फिर्ता ल्याउने भन्ने कुरा आयो । तपाईहरुलाई थाहा छ माघ महिनामा बसेको केन्द्रीय समितिले पनि नक्सा जारी गर्न भन्यो ।

तर, सरकारले त्यस किसिमको तयारी गरेको देखिएन । संसदमा राष्ट्रपतिले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने दिन बिहान एकैछिन बसेको सचिवालय बैठकमा नक्सा प्रकाशित गर्ने कुरा नीति कार्यक्रममा पार्नै पर्‍यो भनेर भन्यौं । अन्त्यमा त्यही बैठकमा रहनु भएका प्रधानमन्त्रीजी पनि त्यसमा सहमत हुनुभयो । त्यही बैठकबाट मूख्यसचिवलाई फोन गरेर प्रेसमा छापिइरहेको नीति तथा कार्यक्रममा नक्सा जारी गर्ने कुरा थप गर्न लगाइयो । त्यो पार्टीको निर्णय थियो । एकजना कमरेडले भन्नुभयो, 'पार्टीको निर्णय सरकारले मानिदिँदा कति राम्रो हुने रहेछ त । नक्सा प्रकाशित भयो, संविधान संशोधन भयो । सारा नेपाली गौरवान्वित भए । जनतामा राष्ट्रिय एकताको भावना देखियो, सब एकताबद्ध भए । पार्टीको निर्णयबेगर सरकारले निर्णय गर्नखोज्दा कति धेरै विवाद आए, कतिधेरै अन्यौल जन्मिए' भन्ने कुरा राख्नु हुँदै थियो ।

हामीले प्रधानमन्त्रीलाई त्यसमा धन्यवाद पनि भन्यौं किनभने पार्टीले मात्रै निर्णय गरेर उहाँले नमानेको भए त्यो लागू हुन सक्दैनथ्यो । त्यसको वैधानिक हैसियतका निम्ति सरकार चाहिन्थ्यो । तर, यदि फेरि पार्टीको सामूहिक विवेकबाट भएको निर्णयलाई पालन गरेको सप्पै चाहिँ व्यक्तिको खल्तीमा हाल्ने प्रयास भयो भने त्यो इमान्दार प्रयास हुनसक्दैन । त्यसले फेरि अर्को विभ्रम पैदा गर्छ ।

यो कम्युनिस्ट पार्टीको सामूहिक विवेकको निर्णयको उपलब्धि हो । त्यसलाई वैधानिकता प्रदान गरेकाले सरकार पनि धन्यवादको हकदार हो । यो पो सहि कुरा हो । अनि त्यही पार्टी जसले यो नक्सा प्रकाशित गर्ने निर्णय गर्‍यो निरन्तर सरकालाई दबाब दियो त्यो चाहिँ राष्ट्रघाती र दलाल, जुन सरकारले नक्सा प्रकाशित गर्न यति ढिलो गर्‍यो त्यसको चाहिँ देवत्वकरण ? यो हुनसक्दैन । हामी सबैले बुझ्नु पर्ने कुरा छ यो । त्यस्तो भयो भने त्यहाँ इमान्दारिता र पारदर्शिता हुँदैन । त्यहाँ विवेकले काम गरेको भन्ने हुँदैन ।

अहिले बैठक चलिरहेको छ । मैले सार्वजनिक रुपमा पहिले पनि भनेको छु, पार्टी संकटमा छ । ठीक ठाक छ भनेर मैले भनें भने त्यो सत्य हुँदैन । त्यो साँचो होइन । पार्टी संकटमा छ । किनकि हाम्रो पार्टीको बैठक चलिरहेको समयमा निवार्चन आयोगमा नेकपा एमाले नामको अर्को पार्टी दर्ताको प्रक्रिया हाम्रो पार्टीका अर्का अध्यक्षको पहल र सक्रियतामा भएको छ । त्यसकारण त्यसले सकंटकलाई व्यक्त गरेकै छ । यो सबैले देखेकै कुरा हो ।

अहिले देशभरी केही कार्यकर्तालाई नाराजुलुशमा लगाउने काम भएको छ । हामी पार्टीलाई कसरी मिलाएर लैजाने, विवाद कसरी मिलाउने, राष्ट्रिय मुद्दाहरुमा कसरी एकताबद्ध भएर जाने भन्ने छलफल र बहस गरिरहेका छौं, बाहिर जिन्दावाद र मुर्दावादका नारा लगाइएका छन् देशभरी । देशभरीबाट साथीहरुले हामीलाई सोध्छन्, हामी के गर्ने ?

हामीले धैर्य लिनुस् र पार्टी एकताको पक्षमा उभिनुस् भनेर भनेका छौं । तर, त्यसखालका प्रचारहरु भएका छन् । यसबाट पार्टी संकटमा छ भन्ने देखाएको छ ।

*(नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको स्मृति दिवसको सन्दर्भमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा प्रचण्डले गरेको सम्बोधनको सम्पादित अंश)*

# रौतहटको श्रीराम सुगर मिल्स बन्द

रौतहट । रौतहटको श्रीराम सुगर मिल्स लिमिटेड स्थायी रुपमा बन्द भएको छ । आईतवारदेखि जिल्लाको पहिलो तथा सबैभन्दा ठुलो उद्योग बन्द भएको हो । मिलसको लेटरप्याडमा स्थायी रुपमा बन्द गरिने अत्यन्त जरुरी ३ पृष्ठको सूचना मिल्सको सूचनापाटीमा टाँसिएको छ । मिल बन्द हुँदा किसानले पाउने करोडौं रुपैयाँ बक्यौता रकमको हिसाब थप गडबड हुने संकेत देखिएको छ । उता, उद्योगमा कार्यरत ३ सय २५ जना कर्मचारी पनि बेरोजगार भएका छन् ।




स्थापना भएको एक दशकसम्म नाफामा रहेको कम्पनी पछिलो समय राम्रो ब्यवस्थापनको अभावमा घाटामा सञ्चालन भइरहेको थियो । उद्योगलाई जेनतेन टिकाई राख्न कम्पनी सञ्चालकहरुले करोडौं रुपैया लगानी गरेपनि कम्पनीको बार्षिक घाटा दर झन् बढ्दै गएको थियो ।

एक आर्थिक वर्षमा करोडौं घाटा हुन थालेपछि उद्योगलाई स्थायी रुपमा बन्द गर्नुपर्ने बाध्यता भएको कम्पनीमा व्यवस्थापन पक्षले सूचनामा उल्लेख गरेको छ । २०७५/०७६ सम्ममा उक्त कम्पनीको घाटा २ अर्ब १७ करोड ७५ लाख ५८ हजार ३ सय ७६ पुगेपछि मिल्स सञ्चालन गर्न निकै अप्ठ्यारो स्थिति सृजना भएको सूचनामा उलेख छ ।

सूचनामा कम्पनीको आर्थिक अवस्था अत्यन्तै जर्जर भएको, पुँजीको अभाव भएपछि व्यवस्थापन पक्षबाट विगत ४ महिना देखि उद्योगमा कार्यरत श्रमिक कर्मचारीहरुको पारिश्रमिक भुक्तानी गर्ने अवस्था नरहेको उल्लेख छ। कम्पनी सञ्चालक समितिको गत ४ दिनदेखि बसेको बैठकले साउन १० गतेदेखि बन्द गर्ने सहमति गरेको थियो । यसलाई सहज रुपमा लिन व्यवस्थापन पक्षले सरोकारवाला सवैसँग आग्रह गरका छ । यसैबीच उखु उत्पादक संघ रौतहटले बिना जानकारी उद्योग बन्दको सूचनाप्रति आपति जनाएको छ। संघका कोषाध्यक्ष मनोजकुमार शहनीले २०७१/०७२ मा किसानहरुले मिललाई दिएको उखुमा सरकारले उपलब्ध गराएको प्रति कुइन्टल ८६ को दरले भुक्तानी हुनुपर्ने र गतवर्ष किसानले दिएको उँखुको सम्पुर्ण भुक्तानी गरिसकेपछि मात्र सरकारको निर्देशनअनुसार मिल बन्द गर्नुपर्ने माग गरेका छन् ।

## संक्षिप्त समाचार

### कोरोना नियन्त्रण गर्न थप ७ करोड निकासा

जनकपुरधाम । प्रदेश २ मा कोरोना महामारी त्रास बढ्न थाले पछि महामारी नियन्त्रणको लागि प्रदेश सरकारले थप सात करोड निकासा गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कोभिड अस्पताल निर्माण तथा हाल सञ्चालनमा रहेका आइसोलेसनहरुको थप व्यवस्थापन, बिरामीहरुको खाना खाजा, बेड संख्यामा वृद्धि आदि कार्यका लागि सात करोड निकासा गरेको हो । बिहीबारको निर्णय अनुसार बाराको सिमरामा कोभिड अस्पताल निर्माणको लागि १ करोड ७५ लाख, पर्सामा कोभिड अस्पतालको निर्माण एवं शव वाहन तथा एम्बुलेन्स खरिदको लागि १ करोड ५० लाख, रौतहट, सप्तरी र सर्लाहीमा आइसोलेशन व्यवस्थापनका लागि ७५/७५ लाख तथा धनुषा, महोत्तरी र सिरहाको लागि ५०/५० लाख निकासा गरिएको छ ।

### प्रभु साहद्वारा वार्षिक प्रतिवेदन सार्वजनिक

रौतहट । नेकपा प्रदेश २ का अध्यक्ष र रौतहट निर्वाचन क्षेत्र नम्बर ३ का सांसद प्रभु साहले आफ्नो निर्वाचन क्षेत्रको वार्षिक प्रतिवेदन बुझाएका छन् । मौलापुरमा आयोजित एक समारोहका बीच संघीय सांसद साहले २०७६/०७७ को कार्य प्रगति विवरण औंपचारिक रूपमा सार्वजनिक गरेका हुन् । कार्य प्रगति विवरण सार्वजनिक गर्ने अवसरमा सम्बन्धित वडाका प्रतिनिधिहरूले योजनाको बारेमा प्रष्ट्याएका थिए । वार्षिक प्रतिवेदनमा सांसद साहको नेतृत्वमा आफ्नो निर्वाचन क्षेत्रसहित जिल्लामा भएका विकास कार्यक्रम र योजनाहरुलाई समेटिएको छ । अहिले सार्वजनिक प्रतिवेदनसहित गत आर्थिक वर्षको प्रगति प्रतिवेदन आफ्नो निर्वाचन क्षेत्रका घर घरमा पुर्‍याउने योजना रहेको साहका स्वकीय सचिव विजय यादवले बताए । साहले रौतटहट क्षेत्र नम्बर ३ बाट निर्वाचन जितेका हुन् ।

### करेन्ट लागेर युवकको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-४ बस्ने ३० वर्षीय पुल सिंह कास्याबको करेन्ट लागेर आइतबार मृत्यु भएको छ । आफैले संचालन गरेको वेल्डिङ पसलमा काम गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको पद्मा अस्पताल अत्तरियामा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### बञ्चरो प्रहारी हत्या गर्ने श्रीमती पक्राउ

बाँके । आफ्नै ७५ वर्षीय श्रीमान लक्षीराम थारुलाई धारिलो हतियार बन्चरोले प्रहार गरी हत्या गरेको अभियोगमा महिला पक्राउ परेकी छन् । खजुरा गाउँपालिका-६ नयाँ गिजरा बस्ने ६५ वर्षीया मिछिया थारुलाई आइतबार प्रहरीले पक्राउ गरेको छ । मिछीयाले सामान्य विवादका क्रममा एक्कासी धारिलो हतियार बन्चरोले टाउको, खुट्टा र हातमा प्रहार गर्दा लक्षीरामको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### ट्रकको ठक्करबाट एक जनाको मृत्यु

कैलाली । बर्दगोरिया गाउँपालिका-१ टिन बजारस्थित सडकमा ना.६ ख ३३४० नम्बरको ट्रकले से.६ प ७१८१ नम्बरको स्कुटरलाई ठक्कर दिँदा एकको मृत्यु भएको छ । सोमबार बिहान ठक्कर दिँदा स्कुटर चालक लम्की चुहा नगरपालिका-६ बागमारा बस्ने २५ वर्षीया सन्तोषी कुमारी बोहराकोघटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ट्रकले पिकअपलाई ठक्कर दिंदा एकको मृत्यु

रुपन्देही । पिकअपलाई ट्रकले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । पूर्व पश्चिम राजमार्गअन्तर्गत सैनामैना नगरपालिका-१ बनकट्टामा सवारी दुर्घटनामा प्यूठान स्वर्गद्वारी नगरपालिका-६ का ४० वर्षिय होमबहादुर घर्तिमगरको मृत्यु भएको छ । बुटलदेखि पश्चिमतर्फ जाँदै गरेको लु २ च २०२१ नम्बरको पिकअपलाई विपरित दिशाबाट आउँदै गरेको लु १ ख ४७९५ नम्बरको ट्रकले ठक्कर दुर्घटना भएको प्रदेश ५ ट्राफिक प्रहरी कार्यालय बुटवलले जनाएको छ ।

### करेन्ट लागेर युवकको मृत्यु

मोरङ । बुढीगंगा गाउँपालिका-३ बाँसबारी चोकस्थित करेन्ट लागेर विराटनगर महानगरपालिका-११ बस्ने ३६ वर्षीय गोपाल कामतको बुधबार बिहान मृत्यु भएको छ । सोही ठाउँस्थित गुप्ता होटल र मिस्ठान पसल अगाडि टेन्ट लगाउने क्रममा विद्युत प्राधिकरणको हाईटेन्सन लाईनमा छुन गई करेन्ट लागेर गम्भीर घाइते भएका उनको विराट मेडिकल कलेज गंगा चोकमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कोरोनाबाट एकको मृत्यु

विराटनगर । कोरोना भाइरस (कोभिड-१९) कारण एक जनाको मृत्यु भएको छ । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा ४५ वर्षीय पुरुषको मृत्यु भएको हो । उनलाई विराटनगरबाट धरान रेफर गरिएको थियो । कोरोनाका कारण मृत्यु भएका व्यक्ति मोरङको सुनवर्षी नगरपालिकाका हुन् । ज्वरो र श्वाश्प्रश्वासमा समस्या भएपछि मंगलबार कोसी अस्पतालको फिभर क्लिनिकमा जाँच गर्न आएका उनको स्वाब संकलन पश्चात कोसी अस्पतालकै आइसोलेसनमा भर्ना भएका थिए । बुधबार बिहान उनको रिपोर्ट पोजेटिभ आएको थियो ।

### वीरगञ्जमा थप दुई जनाको मृत्यु

वीरगञ्ज । कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट वीरगन्जमा थप दुई जनाको मृत्यु भएको छ । यससँगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ५१ पुगेको छ । पर्सामा मात्रै कोरोना संक्रमणका कारण ७ जनाको मृत्यु भएको छ । बुधबार विहान ६८ वर्षीय पुरुषको कोरोना विशेष गण्डक अस्पतालमा र दिउँसो ७१ वर्षीय पुरुषको नेशनल मेडिकल कलेजमा मृत्यु भएको हो । ७१ वर्षका पुरुष पखाला लागेर उपचारका लागि विभिन्न अस्पताल हुँदै नेशनल मेडिकल कलेजमा पुगेका थिए । उनको मिर्गौलामा समेत समस्या देखिएको थियो । उनको साउन ११ गते आइतबार नै पीसीआर विधिबाट कोरोना परीक्षणका लागि स्वाब दिइएको थियो ।

### फरार प्रतिवादी ब्राउन सुगरसहित पक्राउ

बाँके । लागूऔषध गाँजा र चरेश मुद्दाका फरार प्रतिवादी नेपालगंज उपमहानगरपालिका-१७ नदैगाउँ बस्ने ४१ वर्षीय अब्बर अली दर्जीलाई १ ग्राम ६ सय ६५ मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगरसहित बिहीबार प्रहरीले पक्राउ गरेको छ । २०६९ जेठ ९ गते अदालतबाट लागूऔषध गाँजा चरेश मुद्दामा ५ हजार रुपैयाँ जरीवाना तोकिए पछिफरार रहेका उनलाई प्रहरी चौकी साईगाउँबाट खटीएको प्रहरीले उनकै घरबाट उक्त परिमाणको लागूऔषध ब्राउन सुगर सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### भरुवा बन्दुकसहित पक्राउ

बाँके । नेपालगंजउपमहानगरपालिका-१ वाटरपार्क बस्ने ४९ वर्षीय प्रदिप डिसीलाई १ नाल भरुवा बन्दुकसहित बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । डिसीले आफ्नो घरको ढोका बन्द गरी लत्ताकपडामा आगो लगाएको भन्नेखबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिएर जाँच गर्दा उक्त बन्दुक फेला पारी उनलाई नियन्त्रणमा लिएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### डुबेर किशोरको मृत्यु

कपिलवस्तु । शुद्धोधनगाउँपालिका-२ भुसडी बस्ने रामशुभग बिश्वकर्माको छोरा १७ वर्षीय अजय बिकको खोलामा डुबेर बुधबार मृत्यु भएको छ । घरदेखि २ किमी उत्तर पर्ने भुताहा खोलामा नुहाउने क्रममा डुबेरउनको मृत्यु भएको हो ।

## विश्व परिवेश

# पाकिस्तानको भवलपुरमा हिन्दुका घरहरु भत्काइयो

इस्लामावाद । कोरोना महामारीकालाई नियन्त्रण गर्न सरकारले मानिसहरुलाई घरभित्रै बस्न आग्रह गरिरहेको बेला पाकिस्तानमा हिन्दु समुदायलाई भने घरबारविहीन बनाइएको छ । पाकिस्तानको पञ्जाब प्रान्तको भवलपुरका अल्पसंख्यक हिन्दु समुदायका घरहरु भत्काएर घरबारविहीन बनाइएको छ । प्रधानमन्त्री इमरान खान नेतृत्वको मन्त्रिमण्डलका आवास मन्त्री तारिब बसिर चिमाकै निर्देशनमा हिन्दु समुदायका घरहरु भत्काइएको बताइएको छ । उनलाई पाकिस्तानका सूचना अधिकारी सहिद खोकरले साथ दिइरहेका छन् । उक्त घटनाका निकै पीडादायी दृश्यहरु सार्वजनिक भइरहेका छन् । घरबारविहीन बनाइएका हिन्दु समुदायमा महिला, बालबालिका र पुरुषहरु घर नभत्काउन रोइकराइ गरे पनि कसैले उनीहरुको चित्का सुनेका छैनन् ।

पाकिस्तानको मानवअधिकार आयोगले सरकार अल्पसंख्यकको अधिकार दिन असफल भएको निष्कर्ष निकाल्दै एक रिपोर्ट सार्वजनिक गरेपछि पञ्जाबमा पाकिस्तान बहुल मुस्लिम समुदायले हिन्दुहरुका घरहरु भत्काएका हुन् । त्यसैगरी यसअघि पञ्जाबकै खानेवाल जिल्लामा क्रिश्चियन समुदायका चिहानहरु र घरहरुसमेत भत्काइएको थियो । उनीहरुको घरहरु र चिहानहरु प्रधानमन्त्री इमरान खान नेतृत्वको पार्टीका नेताहरुले भत्काएका थिए । पाकिस्तानमा धर्मका नाममा मानवअधिकार उल्लंघनका घटनाहरु अनगिन्तिरुपमा भएका छन् । पाकिस्तानमा हिन्दु किशोरीहरुलाई अपहरण गरेर जबरजस्ती इस्लाम बनाएर विवाह गराउने क्रम पनि अझै रोकिएको छैन ।

# बलुच पृथकतावादीको निसानामा बीआरआई

बेइजिङ । पाकिस्तानमा बलुच पृथकतावादी आक्रमणका कारण महत्वाकाँक्षी चिनियाँ अभियान बेल्ट एन्ड रोड इनिसियटीभ बीआरआई प्रभावित हुने लक्षण देखिएको छ । मिडिया रिपोर्टहरुका अनुसार तेहरान र इस्लामावादबीच छद्मयुद्ध भएको अरेबियन सीको ग्वादर वन्दरगाहलाई बेइजिङले रणनीतिक रुपमा हेरेको छ । चीनले पाकिस्तान हुँदै ग्वादर बन्दरगाह जोड्ने महत्वाकाँक्षी यो अभियानमा पाकिस्तान भित्रैको आन्तरिक संघर्षले सुरक्षा चुनौती बढाएको छ । सुरक्षा चुनौतीका कारण ६० बिलियन अमेरिकी डलरको चीन(पाकिस्तान इकोनमिक करिडोरको लागत बढ्ने देखिन्छ । ग्वादर पोर्ट रहेको बलुचिस्तान प्रान्तमा पृथकतावादीहरुको निरन्तरको आक्रमण जारी रहेको हङकङकस्थित साउथ चाइना मर्निङ पोस्टले जनाएको छ ।

बीआरआईको लक्ष्य दक्षिणपूर्वी एसिया, मध्य एसिया, खाडी मुलुक, अफ्रिका र युरोपलाई जमिन र सामुद्रिक रुटमार्फत जोड्ने रहेको छ । बीआरआई राष्ट्रपति सी जिनपिङको विशेष महत्वको परियोजना हो ।

रिपोर्टका अनुसार बलुचहरुले पनि आफ्नो दायरा फराकिलो बनाएर सिन्ध प्रान्त र कराचीसम्म आक्रमणहरु सुरु गरेका छन् । कराची स्टक एक्सचेन्जमा गरिएको आक्रमणमा चारजना मिलिसियाहरु मारिएका थिए ।

# पाकिस्तानको सिन्धमा ३८५ बालबालिकामाथि दुर्व्यवहारका घटना दर्ता

इस्लामावाद । पाकिस्तानको सिन्ध प्रान्तमा पछिल्लो पाँच वर्षमा ३८५ बालबालिकामाथि दुर्व्यवहार भएका घटना दर्ता भएका छन् । जसमा २५२ बालक र १०६ बालिकामाथि दुर्व्यवहार भएको छ । सन् २०१४ देखि सन् २०१९ सम्म उक्त प्रान्तमा मात्रै यति धेरै घटनाहरु दर्ता भएका छन् । त्यसैगरी दर्ता नभएका घटनाहरु योभन्दा धेरै भएको हुनसक्ने प्रहरीले जनाएको छ ।

सिन्धमा प्रहरीले गरेको पछिल्लो अध्ययनका क्रममा १-५ र १६-१८ वर्ष उमेरका किशोरीहरु बढी जोखिममा भएको बताइएको छ । त्यसैगरी ६-१० र ११-१ वर्षका बालकहरुसमेत बढी जोखिममा भएको बताइएको छ । प्रहरीका अनुसार प्रहरीले ३४९ घटना दर्ता गरेका छन् भने उक्त घटनामा संलग्न भएको आरोपमा ४०८ जनालाई नियन्त्रणमा लिइएको थियो ।

त्यसैगरी २५७ जनामाथि कारबाही सुरु गरिएको ७० मुद्दाहरु खारेज गरिएको र १७ वटा घटनाको अनुसन्धान नै सुरु नभएको बताइएको छ । सबैभन्द बढी कराची प्रभावित भएको बताइएको छ । जसमा दुर्व्यवहारमा परेकामध्ये ११६ बालबालिकाहरु कराँचीका रहेको बताइएको छ । जसमा ९६ बालक र २० बालिका भएको बताइएको छ । जसमा ८६ जनालई प्रहरीले निन्यन्त्रणमा लिएको छ भने ६८ जनाविरुद्ध मुद्दा चलाइएको छ ।

# ह्यूस्टनमा रहेको चिनियाँ महावाणिज्यदूतावास बन्द गर्न अमेरिकी आदेश

बेइजिङ । संयुक्तराज्य अमेरिकाले ह्यूस्टनमा रहेको चिनियाँ महावाणिज्यदूतावास कार्यालय बन्द गर्न आदेश दिएको छ । चीनले अमेरिकाको उक्त कदमले दुबै मुलुकबीचको कुटनीतिक सम्बन्धलाई थप हानि पुऱ्याउने भन्दै विरोध गरेको छ ।

विश्वका दुई ठूला अर्थतन्त्र भएका चीन र अमेरिकाबीच पछिल्ला केही वर्षदेखि विभिन्न विषयमा गम्भीर मतान्तर रहँदै आएको छ । पछिल्लो समय अर्ध-स्वायत्त हङकङका सन्दर्भमा पारित भएको विवादास्पद राष्ट्रिय सुरक्षा कानुनलाई लिएर अमेरिकाले तिब्र असन्तोष व्यक्त गरेको छ ।

चीनको विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले महावाणिज्यदूतावास बन्द गर्न दिइएको गलत आदेश तत्काल फिर्ता चीनले अमेरिका समक्ष आग्रह गरेको बताए । उनले अमेरिकाले उक्त कदम नसच्याए चीनले पनि जवाफमा उपयुक्त र आवश्यक कदम चाल्ने चेतावनी दिए ।

ह्यूस्टनस्थित स्थानीय संचार माध्यमका अनुसार महावाणिज्यदूतावास परिसरमा भवनका कागजात जलाइएपछि स्थानीय अग्निनियन्त्रक र प्रहरीहरु साँझपख कन्सुलेट भवनमा आइपुगेका थिए । ह्यूस्टन प्रहरी प्रमुखले भवनको परिसरबाट धुँवा निस्केको जानकारी दिँदै भवन परिसरभित्र प्रवेश गर्न नदिइएको बताए ।

## जम्मु-कश्मीरमा स्थायी बसोबासको अनुमति लिनेमा भारतीय नेपाली सबैभन्दा धेरै

कश्मीर । जम्मु-कश्मीर प्रशासनले गत महिनाबाट आवास अनुमति दिन सुरू गरेयता त्यस्तो अनुमति लिनेमा अधिकाशं नेपाली भाषी (गोर्खा समुदाय) भारतीय रहेको टाइम्स अफ इण्डियाले जनाएको छ । ६ हजार ६ सयवटा त्यस्ता अनुमति जारी गरिएको समाचारमा उल्लेख छ । यसरी अनुमति लिनेहरूमा अधिकाशं भारतीय सैनिक सेवाबाट निवृत्त र सरकारी अधिकारी छन् । यो अनुमतिसँगै उनीहरूका लागि जम्मुकश्मीर राज्यमा अचल सम्पती किन्न र त्यहाँ रोजगारीका लागि आवेदन दिने बाटो खुल्ला भएको छ । कश्मीरमा मात्रै ७ सय बढी अनुमति प्रमाणपत्र जारी गरिएको छ र लिनेहरूमा पूर्व गोर्खा सैनिक र अधिकारीहरू रहेका छन् ।

स्थानीय सरसफाइ कर्मचारी हडतालमा गएपछि वाल्मिकी समुदायका मानिसहरूलाई सन् १९५७ मा पंजाब राज्यबाट त्यहाँ ल्याइएको थियो ।

त्यतिबेला मुख्यगरी गोर्खा समुदाय, वाल्मिकी समुदाय, पश्चिम पाकिस्तानका शरणार्थी र जम्मु कश्मीर बाहिर बिबाह गरेका महिलाहरूले आन्दोलन गरेका थिए । उनीहरूको विरोधलाई सम्बोधन गर्न पछिल्लो निर्णय ल्याइएको हो ।

१५ वर्षसम्म जम्मु-कश्मीर बसेका गैर(स्थानीय, तिनका सन्तान र केन्द्र सरकारका कार्यालय तथा संस्थानमा काम गरेका सरकारी अधिकारीको सँघै ७ वर्ष त्यहाँ अध्ययन गरेका र स्कूले शिक्षा पूरा गरेका मानिसहरू स्थायी आवास अनुमतिका लागि आवेदन गर्न पाउने निर्णयमा उल्लेख छ ।

समाचारमा गोर्खा समुदाय त्यहाँ विगत १ सय ५० वर्षदेखि त्यहाँ बसोबास गर्दै आएको जनाइएको छ । भारत सरकारको पछिल्लो निर्णयले उनीहरूमा खुशी ल्याएको छ । पूर्व गोर्खा सैनिकहरूले यसलाई भारतको सुरक्षामा उनीहरूले बिताएको समयको पहिचान भएको बताएका छन् ।

## साउथ चाइना सी विश्वको साझा सम्पत्तिः भारत

काठमाडौं । साउथ चाइना सी मा आआफ्ना दावी चलिरहँदा भारतले भने त्यसलाई विश्वको साझा सम्पत्ति भएको बताएको छ । भारतले विश्व समुदायलाई चाइना साउथ सी मा शान्ति र स्थायित्व कायम गर्न आह्वान गरेको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले अन्तर्राष्ट्रिय जलमार्गमा वैध व्यापार र अन्य वैध गतिविधिका लागि स्वतन्त्र हुनुपर्ने कुरामा स्पष्ट रहेको बताएका छन् । साउथ चाइना सी का विषयमा चिनियाँ दाबीलाई अमेरिकाले खारेज गरिरहेको र यसका भारतको धारणा के हो भन्ने प्रश्न को जवाफमा प्रवक्ता श्रीवास्तवले यस्तो बताएका हुन् । भारतीय धारणा सार्वजनिक गर्दै श्रीवास्तावले भने, 'हामीले विभिन्न फोरमहरुमा साउथ चाइना सीका विषयमा आफ्नो धारणा स्पष्ट पारेका छौं । २१ मे, २०२० पछि बारम्बार हामीले हाम्रो धारणा स्पष्ट गरेका छौं । साउथ चाइना सी विश्वव्यापी सम्पत्ति हो । त्यहाँ शान्ति र स्थायित्व हुनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ । हामी स्पष्टरुपमा नेभिगसन स्वतन्त्र हुनुपर्ने र अन्तर्राष्ट्रिय कानुनको पालना अनुसार जलमार्गको प्रयोग गर्न पाउनुपर्ने पक्षमा दृढ छौं ।'

## महामारीमाकाबीच लगानी गन्तव्य बन्दै भारत

नयाँदिल्ली । नोभेल कोरोना भाइरसको महामारीकाबीच विश्वका विभिन्न मुलुकको अर्थतन्त्र तहसनहस हुने अवस्थामा पुगिरहेका बेला भारत भने उत्कृष्ट लगानी गन्तव्य सावित भएको छ । महामारीबै बीच विश्वकै उत्कृष्ट सर्च इन्जिन गुगलले भारतमा १० अर्ब अमेरिकी डलर सहयोगको प्रतिबद्धता व्यक्त गरेको छ । गुगलका सीईओ सुन्दर पिचाईंले कोरोना महामारीकैबीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको संवादका क्रममा भारतमा आगामी पाँच(सात वर्षमा १० अर्ब अमेरिकी डलर लगानी गर्ने बताएका हुन् ।

कोभिड -१९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनिकरणका लागि निम्नानुसार गरौं ।

- सेवा प्रवाहमा विभेद नगरौं ।
- पहुँचवालाको काम तत्काल हुने र पहुँच नहुनेको कामको लागि निरन्तर धाउनुको विकल्प नहुनुको संस्कृति तत्काल हटाऔं ।
- गैह्रकानूनी लाभका लागि जस्तो सुकै कार्य गर्ने प्रवृत्तिले ल्याएको सामाजिक विचलनलाई परास्त गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## दक्षिण चीन सागरमा चीनको दाबी अवैधानिकः अस्ट्रेलिया

सिड्नी । अस्ट्रेलियाले औपचारिक रुपमा अभिव्यक्ति दिँदै दक्षिण चीन सागरमा चीनको दाबी अवैधानिक भएको बताएको छ । अमेरिका र चीनबीच हाल दक्षिण चीन सागरको विषयमा साथै अन्य धेरै विषयमा विवाद छ । यसबीचमा दक्षिण चीन सागरको विषयमा अस्ट्रेलियाले अमेरिकाको साथ दिएको हो । अस्ट्रेलियाले आफ्नो घोषणा संयुक्त राष्ट्रसंघमा बुझाउँदै दक्षिण चीन सागरमा चीनको दाबी अस्वीकार गर्ने बताएको छ । अमेरिकाले पहिल्यैबाट उक्त सागरमा चिनियाँ दाबी अवैधानिक भएको बताउँदै आएको थियो। दक्षिण चीन सागरको अधिकाँश क्षेत्रमा चीनको नियन्त्रण छ । चीनसँगै ब्रुनाइ, मलेसिया, फिलिपिन्स, ताइवान तथा भियतनामले पनि यस सागर आफ्नो भएको दाबी गर्दछ । यसबीचमा अमेरिकाले हालै आफ्ना सहयोगी राष्ट्रको सुरक्षाको लागि भन्दै यस विवादित जल क्षेत्रमा सैन्य अभ्यास गरेको थियो । चीनले अमेरिका यस क्षेत्रको दाबीकर्ता नभएको र उसले यस क्षेत्रमा सैन्य अभ्यास गर्नु अन्तर्राष्ट्रिय कानुनको उल्लंघन भएको बताएको थियो । अमेरिकाले भने आफ्ना सहयोगी राष्ट्रको सुरक्षा गर्नु आफ्नो कर्तव्य भएको बताउँदै आएको छ ।

## जिल्ला समाचार

### आकस्मिक बाहेकका सेवा बन्द गर्न आग्रह

वीरगञ्ज । नेपाल चिकित्सक संघ नारायणी शाखा वीरगञ्जले कोरोना भाइरसको संक्रमण समुदायस्तरमा देखिन थालेपछि आकस्मिक बाहेकका अन्य सेवा बन्द गर्न अस्पतालहरुलाई आग्रह गरेको छ । संघले एक विज्ञप्ति जारी गर्दै सबै अस्पताल, मेडिकल कलेज, नर्सिङ होम, निजी क्लिनिक लगायतका स्वास्थ्य संस्थाहरुलाई शुक्रबारबाट लागु हुनेगरी आकस्मिक बाहेकका सबै सेवा बन्द गर्न आग्रह गरेको हो । कोरोना महामारीको जोखिमपूर्ण अवस्थामा साउन ९ गते देखि अर्को सूचना नभएसम्मका लागि आकास्मिक बाहेकका सम्पूर्ण सेवा बन्द गर्न र कोरोना नियन्त्रणका लागि डब्लूएचओले निर्धारण गरेको गाइडलाइनलाई पूर्णरुपमा पालना गरेर मात्र आकास्मिक सेवाहरु प्रवाह गर्न सघले विज्ञप्तिमार्फत अनुरोध गरेको छ । 'कोरोना महामारी नियन्त्रणका लागि परीक्षणको दायरा बढाउँदै अविलम्ब मास टेस्टिङ, लगायत अन्य आवश्यक कदम चाल्नुका साथै यस क्षेत्रका विभिन्न स्वास्थ्य सेवा प्रदायक संस्थाहरुलाई अविलम्ब पर्याप्त मात्रमा सुरक्षा सामाग्रीहरु उपलब्ध गराउन सरकार लगायत सम्पूर्ण सरोकारवालाहरुसँग माग गर्दछौं', संघका सचिव डा. उदय नारायण सिहंले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

### सीमानाकामा थप कडाइ गर्न निर्देशन

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले कोरोना महामारी नियन्त्रणका लागि सीमानाकामा थप कडाइ गर्न सुरक्षा निकायलाई निर्देशन दिएका छन् । पिसिएमसीको बैठकमा मुख्यमन्त्री राउतले पछिल्लो समयमा प्रदेशमा कडा लक्षण सहितको कोरोना सङ्क्रमित फेला पर्न थालेकाले सीमानाकामा थप कडाइ गर्न निर्देशन दिए । प्रदेश २ को सीमावर्ती जिल्लामा लुकीछुपी भित्रिने गरिएको उल्लेख गर्दै उनले तीनवटै सुरक्षा निकायलाई सीमानाकामा थप कडा गर्नुपर्ने बताए । बैठकमा मुख्यमन्त्री राउतले लक्षण सहितको कोरोना सङ्क्रमितहरु देखिन थाले पनि यसबाट जोगिन अपनाउनुपर्ने उपायबारे विज्ञहरुसँग सुझावसमेत लिनुभएको मुख्यमन्त्री राउतका प्रेस संयोजक आतिश मिश्रले जानकारी गराए । कोरोना नियन्त्रणका लागि प्रदेश सरकारबाट भए/गरेको कामकाजको प्रगतिबारे जानकारी लिनुहुँदै मुख्यमन्त्री राउतले रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन निर्देशनसमेत दिए ।

### वीरगन्ज महानगरमा अनिश्चितकालीन निषेधाज्ञा

वीरगन्ज । वीरगञ्ज महानगरपालिकामा आज शनिबारदेखि अनिश्चितकालीन निषेधाज्ञा जारी गरिएको छ । कोरोना भाइरस (कोभिड-१९) को संक्रमण समुदायस्तरमा फैलिएपछि निषेधाज्ञा लगाइएको हो । जिल्ला प्रशासन कार्यालयले शुक्रबार राजनीतिक दलहरुसँग छलफल गरेपछि अर्को आदेश जारी नभएसम्मका लागि निषेधाज्ञा लगाउने निर्णय गरिएको थियो । निषेधाज्ञा जारी भएसँगै वीरगञ्ज महानगरपालिका क्षेत्रमा अत्यावश्यक स्वास्थ्य उपचारबाहेक अन्य काममा घर बाहिर निस्कन प्रतिबन्ध लागेको सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले जानकारी दिए । महानगर क्षेत्रभित्रका सम्पूर्ण पसल र उद्योग व्यवसायसमेत बन्द गरिएको छ । साथै वीरगञ्जमा अन्य जिल्लाबाट (विशेषगरी भारतबाट) आउन पूर्णप्रतिबन्ध पर्ना लगाइएको छ । विशेषगरी छिमेकी मुलुक भारतको बिहारमा संक्रमितको संख्या बढ्दै गएकाले यस्तो निर्णय गरिएको हो । भारतबाट पूर्णरुपमा प्रवेशमा रोक लगाइएको छ । सुरक्षा निकायहरुले गस्ती पट्रोलिङ बढाउने, लुकीछिपी प्रवेश गरेकालाई नियन्त्रणमा लिएर क्वारेन्टिनमा राख्ने निर्णय भएको बताइएको छ । निषेधाज्ञा लगाइएको समयमा मास टेस्टिङको काम पनि अघि बढाउने निर्णय भएको छ । सहायक प्रजिअ बस्नेतका अनुसार सुरुमा संक्रमितको सम्पर्कमा आएकाहरुको कन्ट्याक्ट ट्रेसिङ गरिनेछ । उनीहरुको पीसीआर परीक्षणपछि जोखिमपूर्ण स्थानमा चेकजाँच गर्ने निर्णय भएको छ ।

### बाढी तथा डुवानमा परेकाहरूको उद्धार

कैलाली । जिल्लाको टीकापुर नगरपालिका वडा नम्बर ७ बैदी र वडा नम्बर ९ खक्रौला स्थित मोहना नदीमा आएको बाढीले सो स्थानमा रहेका करीव तीन सय ३० घरभित्र पानी पसेर डुबानमा परेकाहरुको एपीएफ टोलीले उद्धार गरेको छ । सो ठाउँमा घरहरु डुबानमा परेको भन्ने जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट खक्रौलाबाट एपीएफ टोली खटिई गई उद्धार कार्यमा सकृयताका साथ जुटेको थियो । सो डुबानमा परेका ५५ जना मानीस, ३७ वटा चौपाया तथा ती घरमा रहेका सरसामानहरु सुरक्षित स्थानमा सारिएको छ । यसैगरी कैलाली जिल्लाको भजनी नगरपालिका ८ स्थित सोनाफाँटा ईलाकामा साउन १४ गते गौरीखोलाको पानी बस्तीमा पसेर डुवानमा परेपछि सो ठाउँमा फसेका दुई जनाको एपीएफ टोली र स्थानीय प्रहरीले जिवितै उद्धार गरेको छ । सो ठाउँ डुवानमा परेको भन्ने जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट भजनीबाट खटिएको एपीएफ टोली र स्थानीय प्रहरी उनीहरुको उद्धार कार्यमा खटिएको थियो । सो डुवानमा परेर सोही ठाउँ बस्ने ईश्वर शाह, चन्द्र वि.क. र ११ बर्षिय स्केल चौधरी बेपत्ता भएको बताइएको छ ।

### लागूऔषधसहित पक्राउ

मोरङ्ग । मोरङ जिल्लाको रतुवामाई नगरपालिका २ डोरीयास्थित सीमा ईलाकाबाट साउन १४ गते एपीएफ टोलीले लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ । को २ ह २८७३ नम्बरको ट्याम्पुमा आउँदै गरेका उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट डोरीयाबाट खटिएको एपीएफ टोलीले जाँच गर्दा उनीहरुको साथमा नाईट्रोभेट ८ पत्ता र स्पास्मो ट्याब्लेट ३ पत्ता फेला परेपछि उनीहरुलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेहरुमा सोही जिल्लाको उर्लाबारी नगरपालिका ४ बस्ने २९ बर्षिय सुरज बि.क., सोही नगरपालिका ५ बस्ने २८ बर्षिय विबस लामा र उक्त ट्याम्पुका चालक सोही जिल्लाकै धनपाल गाँउपालिका ३ बस्ने ३८ बर्षिय सुवर्ण राम छन् । एपीएफ टोलीले त्यसवेला उक्त ट्याम्पु समेत बरामद गरेको छ । पक्राउ परेकाहरुलाई बरामद लागूऔषध तथा ट्याम्पुसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ ।

### मोटरसाइकलबाट लडेर मृत्यु

रुपन्देही । रुपन्देहीमा मोटरसाइकलबाट लडेर महिलाको मृत्यु भएको छ । जिल्लाको रोहिणी गाउँपालिका ३, लक्ष्मीनगर बस्ने ७० वर्षीया धानमति भुजको बिहीबार दिउँसो मृत्यु भएको हो । आफ्नै नातिले चलाउन लागेको लु १८ प ९४९२ नम्बरको मोटरसाइकलमा चढ्ने क्रममा लड्दा घाइते भएकी भुजलाई उपचारका लागि भैरहवा मेडिकल कलेज लैजाने क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय धकधईले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पाकिस्तानमा हिन्दू समुदायद्वारा अदालतविरूद्ध सांगीतिक प्रदर्शन

काठमाडौं । पाकिस्तानको हिन्दू समुदायले हिन्दू किशोरीको अपहरण र धर्म परिवर्तन गराएको विषयमा अदालतविरुद्ध प्रदर्शन गरेका छन् ।

हालै एक हिन्दू किशोरी मेहक कुमारीलाई अपहरण गरि मुस्लिम बनाएर मुस्लिम केटासँग विवाह गराएको र उनको नाम परिवर्तन गराइएको अल्पसंख्यक हिन्दु समुदायले जनाएको छ । ति हिन्दु किशोरीको नाम परिवर्तन गराएर एलिजा रजा राखिएको उनका परिवारले जनाएका छन्। उनको मुद्दाको सुनुवाईपछि उनलाई सुरक्षासहितको आवासमा राखिएको छ ।

मेहक कुमारीको चार सन्तानका बाबु रहेका एक वर्षीय २८ पुरुषसँग विवाद गराइएको थियो । तर, उनको मुद्दाको सुनुवाईमा ढिलाइ भएको भन्दै हिन्दु समुदायले अदालतविरुद्ध सांगीतिक प्रदर्शन गरेको हो ।

उनको अपहरणविरुद्ध संगठित भएका अल्पसंख्यक हिन्दुहरुले पाकिस्तानका बिभिन्न ठाउँमा विरोध प्रदर्शनहरु गरेका छन् । सिन्ध प्रान्तमा आयोजित सांगीतिक प्रदर्शनमा सयौं हिन्दूहरु सहभागी भएका थिए ।

उक्त प्रदर्शनमा सहभागीहरुले १५ वर्षीया मेहकको मुद्दाको दोस्रो सुनुवाई चाँडै गर्नुपर्ने माग गरेका छन् ।

# मोदीले गरे राफेल युद्धक विमानको स्वागत



नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द मोदीले राफेल युद्धक विमानको स्वागत गरेका छन् । फ्रान्समा निर्मित युद्धक विमानको पहिलो लटको पाँच विमानलाई उनले भारतीय एयर फोर्सको केन्द्रीय कार्यालयमा अम्बाला पुगी स्वागत गरेका हुन् ।

पाँचवटा राफेल विमानलाई भारत प्रवेशसँगै दुईवटा सुखोई-३० एमकेआइ युद्धक विमानले विशेष सुरक्षा दिएका थिए । विमान सोमबार फ्रान्सबाट प्रस्थान गरेको थियो ।

भारतले सन् २०१६ मा फ्रान्ससँग ३६ वटा राफेल युद्धक विमान खरिद सम्झौता गरेको थियो । दुईवटा इन्जिन जडित विमान ५ खर्ब ८० अर्ब भारतीय रुपैयाँमा खरिद सम्झौता गरेको थियो ।

भारतमा उत्रिएको राफेल विमान आकाशमै तेल भर्ने क्षमता राख्छ । फ्रान्सबाट भारत आउँदै गर्दा पाँचवटै राफेल युद्धक विमानमा आकाशमै तेल भरिएको भारतीय सञ्चारमाध्यमले तस्बिरसहित सार्वजनिक गरेका छन् ।

फ्रान्सेली तेल भरिएको ट्यांकर जडित विमानले ३० हजार फिट उचाईमा राफेल युद्धक विमानलाई तेल भरिदिएको थियो ।

# चीनले कोरोनाको तथ्यांक लुकाएको चिकित्सक युनको दाबी

काठमाडौं । कोरोना भाइरस पहिचान गर्ने एक चिनियाँ चिकित्सकले चीनले कोरोनाको तथ्यांक लुकाएको दाबी गरेका छन् ।

उनले भनेका छन्,'वुहानमा स्थानीय अधिकारीहरूले कोरोनाको सुरुवाती तथ्याङ्क लुकाए ।' प्राध्यापक क्वाक-युङ युन स्वयं वुहानमा फैलिएको कोरोना जाँचमा खटिएका थिए ।

उनी भन्छन्, 'सबुत मेटाइयो र 'क्लिनिकल फाइन्डिङ'को सूचनालाई पनि ढिलो पारियो ।' सुरुमा भाइरस हुनानको बजारबाट फैलिएको मानिन्छ । तर प्रो. युन आफू र परीक्षणकर्ता हुनान पुग्नुअघि नै त्यो स्थानलाई डिसइन्फेक्ट गरिसकिएको आशङ्का गर्छन् । यसबाट कोरोना भाइरस उत्पत्तिको सबै सबुत मेटिएको उनको भनाइ छ ।

उनका अनुसार भाइरसबारे महत्वपूर्ण जानकारी लिने समय जनवरीमै सकियो । त्यतिबेलासम्म चिनियाँ अधिकारीले यो भाइरस मानिसबाट मानिसमा सर्दैन भनिरहेका थिए । सुरुआती समयमा चीनले कुन ढङ्गमा भाइरस ह्यान्डल गरिरहेको थियो भन्ने कुरा डिसेम्बरमा यसबारे जानकारी दिने एक चिकित्सकलाई दण्डित गरेको घटनाबाटै पुष्टि हुन्छ । त्यो घटनाको सर्वत्र विरोध भएको थियो ।

# नेपाल भारत सम्बन्ध राजनीतिक खिचातानीले विगार्न सक्दैन : नेता राणा

काठमाडौं । पूर्व अर्थराज्यमन्त्री एवं नेपाली कांग्रेसका नेता उदयशम्शेर राणाले नेपाल भारतबीचको सम्बन्धलाई राजनीतिक खिचातानीले बिगार्न नसक्ने बताएका छन् । नेपाल र भारतबीचको सम्बन्ध राजनीतिक रुपमा नभएर भावानात्मक एवं पारिवारीक रुपमा रहेको उल्लेख गर्दै राणाले यसलाई राजनीतिक स्वार्थले विगार्न नसक्ने बताएका हुन् ।

राणाले नेपाल भारतबीच युवा एवं नागरिकहरुको सम्बन्धलाई राजनीतिक खिचातानीले असहज पारिरहेको समेत बताए । नेपाल-भारत सहयोग विषयमा भएको वेबनारमा बोल्दै नेता राणाले दुई देशबीचको सम्बन्धलाई राजनीतिकस्तरबाट माथि राखेर हेर्नुपर्ने बताए ।

जवाहरलाल नेहरु विश्वविद्यालयका प्रोफेसर एसडी मुनीले नेपाल र भारतबीचको सम्बन्धले क्षेत्रीय शक्ति सन्तुलन, स्थानीय राजनीति एवं भारतको पूर्वीविदेश नीति र विदेशी हस्तक्षेपलाई असर पार्ने बताए । पण्डित दीन दयाल उपाध्याय अनुसन्धान केन्द्र, माहात्मा गान्धी विद्यापीठ, वराणयसी र राष्ट्रिय सेवा योजनाले वेबनारको सहकार्य गरेको थियो ।

कार्यक्रममा कांग्रेस सांसद तथा केन्द्रीय सदस्य अभिषेक प्रताप शाहले नेपाल- भारतबीचको संयुक्त सहकार्यमा प्रविधि र मेडिसिन क्षेत्रमा ठूलो उपब्धि हासिल गर्न सकिने बताए ।

वेबइनारको अध्यक्षता गरेका महात्मा गान्धी कासी विद्यापीठ वाराणसीका कुलपति प्रोफेसर टीएन सिंहले इन्डो-नेपाल सम्बन्ध सांस्कृतिक एवं मैत्रिक भएको र यसले आर्थिक एवं राजनीतिक समस्याहरुलाई हल गर्न सक्ने बताए ।

# भारतलाई नेपालको जवाफ : कालापानीमा नेपालीको प्रवेश स्वभाविक

काठमाडौं । भारतले गुन्जी, कालपानी र लिम्पीयाधुरा क्षेत्रमा नेपालीको प्रवेशमा रोक लगाउन पठाएको निर्देशनात्मक पत्रको जवाफ नेपालले पठाएको छ । जिल्ला प्रशासन कार्यालय दार्चुलाले भारतको धार्चुलाका उपजिल्लाधिकारीलाई पत्र लेखेर लिम्पियाधुरा, कुटि, नावी, गुंजी, कालापानी र लिपुलेकमा नेपालीको आवत-जावत स्वभाविक भएको जानकारी दिएको छ । केही दिनअघि दार्चुलाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशनात्मक पत्र लेख्दै धार्चुलाका उपजिल्लाधिकारी अनिलकुमार शुक्लाले सो क्षेत्रमा नेपालीको आवत-जावत रोक्न भनेका थिए । सो प्रश्नको जवाफमा दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी टेकसिंह कुँवरले हस्ताक्षर गरेको पत्रमा भनिएको छ-'नेपाल र ब्रिटिश इस्ट इन्डिा कम्पनीबीच सन् १८१६ मा सम्पन्न सुगौली सन्धिको धारा ५, त्यस समयमा प्रकाशित नक्साहरु र ऐतिहासिक तथ्य एवं प्रमाणहरुअनुसार काली (महाकाली) नदी र सो पूर्वका लिम्पियाधुरा, कुटि, नावी, गुंजी, कालापानी र लिपुलेक लगायतका क्षेत्रहरु नेपालको भू(भाग रहेको कुरा स्पष्ट नै छ ।' जिल्ला प्रशासनको पत्रमा थप भनिएको छ-'ती नेपाली भू(भागहरुमा नेपालीहरुको आवत-जावत स्वभाविकै रहेको र त्यसमा कहि कतैबाट बाधा अड्चन हुनुहुँदैन भन्ने नेपालको धारणा रहेको कुरा जानकारी गराउन चाहन्छौं ।' यसअघि नेपाली प्रशासनलाई भारतले पठाएको पत्रमा भनिएको थियो-'विशेष स्रोतबाट जानकारी प्राप्त भएको छ कि विभिन्न नेपाली समूह भारतीय क्षेत्र गुन्जी, कालापानी, लिम्पियाधुरामा अवैध रुपमा लुकिछिपी सीमा पार गरेर आउन चाहन्छन्, जसबाट मिडियाको ध्यान आकृष्ट गर्न सकियोस् र दुवै देशको प्रशासनलाई हैरान बनाउन सकियोस्, अत: यस प्रकारका कुनै सूचना तपाईंहरुलाई प्राप्त भयो भने त्यसको जानकारी तत्काल दिने कष्ट गरिदिनुहोला ।'

# विद्युत् निर्यात गर्न भारतीय सहमतिको पर्खाइ

काठमाडौं । भारतमा विद्युत् निर्यातका लागि यसै साता मन्त्रिपरिषद्बाट पूर्वस्वीकृति पाएको नेपाल विद्युत् प्राधिकरण अब भारत सरकारको स्वीकृतिको पर्खाइमा छ। भारतको इनर्जी एक्सचेञ्ज मार्केटमा विद्युत् बिक्रीका लागि प्राधिकरणले आफ्नो प्रतिनिधि कम्पनी तोक्नेसहितका सबै प्रक्रिया पूरा गरिसकेको र भारत सरकारबाट एउटा कानुनको स्वीकृतिको पर्खाइ मात्रै रहेको प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले जानकारी दिए। मन्त्रिपरिषद् बैठकले सोमबार प्राधिकरणलाई भारतसहितका छिमेकी मुलुकमा विद्युत् बिक्रीका लागि पूर्वस्वीकृति दिएको थियो। विद्युत् ऐन र नेपाल विद्युत् प्राधिकरण ऐनमा छिमेकी मुलुकमा विद्युत् निर्यातका लागि सरकारको स्वीकृति आवश्यक पर्ने प्रावधान छ। यही प्रावधानलाई पूरा गर्न मन्त्रिपरिषद्ले प्राधिकरणलाई विद्युत् निर्यात गर्ने पूर्वस्वीकृति दिएको हो। यसले प्राधिकरणलाई भारतसहित बंगलादेशसँग पनि विद्युत् आयातनिर्यातको अधिकार रहन्छ। आवश्यक पर्दा तत्काल विद्युत् निर्यात गर्ने र उत्पादन बढी हुँदा रियल टाइममै निर्यात गर्न सक्ने गरी मन्त्रिपरिषद्ले प्राधिकरणलाई पूर्वस्वीकृति दिएको हो। नेपालले सन् १९७१ देखि भारतबाट विद्युत् आयात गरिरहेको छ। नेपालसँग सीमा जोडिएका भारतीय राज्य बिहार, उत्तर प्रदेश र उत्तराखण्डबाट विद्युत् आयात भइरहेको छ। केही वर्षयता नेपालले पनि उत्पादन बढी भएको समयमा बिहारलाई विद्युत् दिँदै आएको छ। तर यसलाई विद्युत् निर्यात भन्न नमिल्ने प्राधिकरणका प्रवक्ता अधिकारीको टिप्पणी छ। मन्त्रिपरिषद्बाट सरकारको स्वीकृति पाएपछि भारतीय एक्सचेञ्ज बजारको डे अहेड मार्केटमा पहुँच पाउने प्रक्रियाका लागि एउटा प्रावधान पूरा भएको अधिकारीले बताए।

## सबैभन्दा ठूलो प्रतिरक्षा लडाकू बिमान भारतमा

पेरिस । भारतले खरिद गर्न लागेका फ्रान्सेली अत्याधुनिक राफेल लडाकू बिमानको एक खेप भारतका लागि प्रस्थान गरेका छन् । पहिलो चरणमा पाँच वटा लडाकू बिमान बुधबार भारतीय वायुसेनामा समाहित गर्ने कार्यक्रम छ । ती लडाकू बिमानहरु फ्रान्सको मेरिगन्याक हवाई अड्डाबाट उडेका थिए । ती बिमान भारततर्फ प्रस्थान गर्नुअघि फ्रान्सस्थित भारतीय राजदूतावासले गरेको ट्वीटमा भारतीय वायुसेवाको क्षमता विकासमा राफेल बिमानको सहभागिताले महत्वपूर्ण योगदान गर्ने बताइएको छ। फ्रान्सेली बिमानमा सात जना भारतीय पाइलटको समूह समेत सहभागी छ। उनीहरुलाई फ्रान्सस्थित डासल्ट एभिएसन कम्पनीमा तालिम समेत दिइएको थियो ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंकको नयाा एक्सटेन्सन काउण्टर सञ्चालन

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले सुर्खेतको बड्डीचौरमा नयाँ एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ। बैंकले सेवाग्राहीको बढ्दो चाप र विस्तारित बैंकिङ्ग सेवाको आवश्कतालाई मध्यनजर गर्दै सुर्खेत जिल्लाको बराहताल गाउँपालिका वडा नं. ५, बड्डीचौरमा बैंकिङ्ग सेवा प्रदान गर्ने गरी एक्सटेन्सन काउण्टर सुरु गरेको हो । ग्लोबल आइएमई बैंकले सब} क्षेत्र र वग{सम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७० वटा जिल्लामा फैलिएको शाखा सञ्जालसहित २३३ एटिएम, ३९ एक्सटेन्सन काउ0टर तथा राजश्व संकलन काउण्टर, २०१ शाखारहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ\ना १९ लाखभन्दा बढी ग्राहकहरुमाझ सेवा प्रदान गद}{ आइरहेको छ । कोरोना (कोभिड-१९)ले त्रसित बनाइरहेको अवस्थामा पनि ग्राहकलाई निरन्तर बैंकिङ्ग सेवा प्रदान गर्न ग्लोबल आइएमई बैंक सदा तत्पर रहेको छ ।

# अमेरिका, भारत, जापान र अष्ट्रेलियाले चिनियाा बजार त्याग्दै

काठमाडौं । विश्व फोसिल फ्यूलबाट टाढिँदै गएको अवस्थामा अब भविष्यका सबै सवारी साधनहरु नविकरणीय उर्जाबाट सञ्चालित हुने निश्चित छ । जलवायु परिवर्तन, वातावरणिय प्रदुषण लगायतका संकटहरुले निकट भविष्यमा यातायात क्षेत्रलाई पूर्णरुपमा विद्युतिय उर्जामा निर्भर बनाउँदै छ । विद्युतीय गाडीमा लिथियम आयोनको ब्याट्रीहरु प्रयोग हुन्छन्, जसको एकाधिकारमा अहिलेसम्म चीन रमाउँदै आएको छ । चीनले विश्वमै सबैभन्दा बढी लिथियम आयोन ब्याट्रीहरु उत्पादन गर्दै आएको छ । यद्यपी अब चीनको एकाधिकार लामो समयसम्म टिक्ने सम्भावना सकिदै जान लागेको छ । अमेरिका, भारत, जापान र अष्ट्रेलियाले अब लिथियम आयोन ब्याट्रीका लागि चीनमाथिको निर्भरतालाई कटौती गर्न थालेका छन् । त्यसका लागि चारवटै लोकतान्त्रिक मूलुकहरुले एक्लाएक्लै र संयुक्तरुपमा मिलेर काम गर्न थालेका छन् । चीनमा अहिले लिथियम पर्याप्त मात्रामा छ । तरपनि चीनले ब्याट्री बनाउन आवश्यक कच्चा पदार्थको विश्वव्यापी उत्पादनको ८० प्रतिशत आयात गरिरहेको छ, जुन उस्ले भविष्यकै लागि सञ्चित गरिरहेको प्रष्ट देखिन्छ । अबको १० देखि १५ वर्षभित्रमा लिथियम नै विश्वको 'ह्वाइट पेट्रोल' हुने कुरालाई थाहा पाएर ठूलो मात्रामा लिथियमलाई सञ्चित गरिरहेको छ । भारतले सन् २०१८ मै लिथियम आयोन ब्याट्रीका लागि चीनमाथिको निर्भरता हटाउने घोषणा गरेको थियो । त्यसका लागि भारतले उल्लेख्य कदम पनि चालिसकेको छ । यद्यपी लिथियम आयोन ब्याट्रीका लागि चाहिने ५ किसिमका कच्चा पदार्थमध्ये २ वटा भारतमा नपाइने हुँदा भारत ब्याट्री उत्पादनमा पछि परेको छ । लिथियम, कोबाल्ट, निकेल, म्यांगानिज र प्राकृतिक ग्रेफाइटमध्ये भारतमा लिथियम र कोबाल्टको अभाव छ । भारतले लिथियमको अभाव पूर्तीका लागि पनि कदम चालेको छ । लिथियम ट्रेंगल भनेर चिनिने दक्षिण अमेरिकी मूलुक चिली, बोलिभिया र अर्जेन्टिनासँग भारतले लिथियम आयातका लागि कुरा अघि सारेको छ । यसबाहेक भारतले थुप्रै लिथियम आयोन ब्याट्री उत्पादन प्लान्ट जडान समेत थालको छ । बोलिभिया सरकारसँग लिथियमको औद्योगिक विकासका लागि भारतले एमओयु सम्झौता पनि गरिसकेको छ ।

# कालापानीको विवाद चाँडै सुल्झाउन राजदूत आचार्यको आग्रह

काठमाडौं । भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्यले कालापानीको मुद्दालाई 'दिक्दारीको कारण' भन्दै चाँडै सुल्झाउनुपर्नेमा जोड दिएका छन् । टाइम्स अफ इन्डियामा अन्तर्वार्ता दिँदै आचार्यले दुई देशबीचको सीमा निर्धारणमा लभभग सहमति भइसकेको भन्दै अब सानो अंशलाई सुल्झाउन धेरै कठिन नहुने विश्वास व्यक्त गरे । 'यो च्याप्टरलाई बन्द गर्ने एउटा मात्रै बाटो भनेको मुद्दाको सम्बोधन र समाधान गर्नु हो,' आचार्यले भनेका छन् । राजदूत आचार्यले भगवान रामका विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको अभिव्यक्ति कुनै राजनीतिक विषयवस्तुसँग नगाँसिएको बताए ।

# प्रदेश २...

गरिएको छ । कर्मचारीमा संक्रमण देखिएन, तर इमर्जेन्सीका एक जनामा संक्रमण भेटियो ।

त्यसपछि कट्याक ट्रेसिङको दायरा बढाएर आसपासका छिमेकी लगायतको स्वाब संकलन गरियो । मृतकका छिमेकी ५७ वर्षीय पुरुष र उनकी ४७ वर्षीया पत्नी पनि संक्रमित भएको पुष्टि भयो ।

कन्ट्याक्ट ट्रेसिङ्कै क्रममा भारतबाट आएलगत्तै वृद्धलाई भेट्न राजविराज ३ का एकजना गएको खुल्न आयो । ६३ वर्षीय पुरुषमा मात्र होइन, २३ वर्षीय छोरा र ३२ वर्षीय भतिजा पनि पोजेटिभ पाइए ।

मृतककै घर अगाडि रहेको चिया नास्ता पसलका सञ्चालक पनि सम्भावित संक्रमितको सूचीमा परे । परीक्षण गर्दा उनीसँगै परिवारका चार सदस्यमा संक्रमण पुष्टि भएको छ । वृद्धको सम्पर्कमा आएका राजविराज ७ का ७० वर्षीय वृद्ध र वडा नम्बर ६ का ४० र ४३ वर्षीय पुरुष पनि पोजेटिभ देखिएका छन् ।

'अहिलेसम्म सम्पर्कमा आएका २९ जनामा कोरोना संक्रमण देखिएको छ' जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियाँलाल यादवले भने, 'यो समुदायमा कोरोना फैलिसकेको लक्षण हो ।'

गजेन्द्रनारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रंजित झा २९ जनामा भेटिएको संक्रमणको स्रोत ७२ वर्षीय वृद्धको परिवार भएको बताउँछन् । उनले भने, 'उहाँहरु भारतबाट आउनुभएको थियो । परिवारको कुनै सदस्यमा संक्रमण थियो र, त्यहीबाट अरुमा सऱ्यो । र, समुदायमा पुगेको देखिन्छ ।'

यसरी एउटै व्यक्तिबाट धेरै व्यक्तिमा कोरोना संक्रमण फैलिनु डरलाग्दो अवस्था हो । अब पूर्ण लकडाउन गरेर समुदाय स्तरमा व्यापक परीक्षण गर्नु बाहेक अर्को विकल्प नरहेको विज्ञहरु बताउँछन् ।

**एकपछि अर्को स्थानीय तह बन्द**

**कोरोना भाइरसको प्रकोप न्यूनीकरणका लागि सप्तरीमा एकपछि अर्को स्थानीय तहले कामकाज बन्द गर्दै बन्दाबन्दी ( लकडाउन) गर्ने निर्णय गर्न थालेका छन् । अग्निसाइर कृष्णसवरण गाउँपालिकाले समुदायस्तरमा कोरोना सङ्क्रमण फैलिन सक्ने उच्च जोखिम रहेको भन्दै गाउँपालिका र वडा कार्यालयबाट पर्वाह हुने सेवाहरु बन्द गरिएको बताइएको छ ।**

**यस्तै सर्वसाधारणलाई पनि अनावश्यक रुपमा घर बाहिर ननिस्किन विज्ञप्तिमार्फत अनुरोध गरिएको छ । अत्यावश्यक कामका लागि निस्किनु परेमा मास्कको अनिवार्य प्रयोग गर्न, सामाजिक दूरी कायम गर्न पनि अनुरोध गरिएको** छ ।

कोरोना सङ्क्रमणको जोखिम बढेको भन्दै राजगढ गाउँपालिकाले पनि अनिश्चितकालका लागि सार्वजनिक सेवा बन्द गर्ने निर्णय गरेको छ । गाउँपालिकाका अध्यक्ष परमानन्द यादवले एक सूचना प्रकाशित गरी अर्को सूचना नआउञ्जेल गाउँपालिकाबाट प्रदान गरिने अत्यावश्यक सेवाबाहेक सबै सेवा बन्द रहने जानकारी गराए ।

राजविराज नगरपालिकाले भने एक साताअघि नै लकडाउन कडा गरेको छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि गरिएको लकडाउन चार महिनापछि अन्त्य भएकै दिन राजविराज नगरपालिकाले समुदायमा कोरोना फैलिएकाले लकडाउन गरेको हो ।

ट्र्याकिङ्ग र ट्रेसिङ्गका आधारमा सम्भावित व्यक्तिको पिसीआर परीक्षण गर्दै जाँदा सङ्क्रमित हुनेको सङ्ख्यामा निकै वृद्धि भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । हाल सप्तरीमा सङ्क्रमित हुनेको सङ्ख्या ४६२ पुगेको कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले बताए । भारतसँग सीमा जोडिएको र अन्य छिमेकी जिल्लाहरुबाट पनि मानिसहरुको ओहोरदोहोर भइरहेकाले जिल्लामा सङ्क्रमणको जोखिम अझ बढ्नसक्ने देखिन्छ ।

# प्रदेश २ मा...

भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनल भ्रष्टाचार तथा अनियमितता गर्नेमा अग्रपंक्तिमा रहेका तत्कालीन राजपाकै प्रदेश सांसद तथा नेता कार्यकर्ताहरु बताउँछन् ।

हुन त मन्त्री सोनलले कमिशन लिएर मात्रै कुनै पनि ठेक्कापट्टा वा योजनाहरु दिने गरेको आरोप नलागेको होइन । सोनलले २० प्रतिशत कमिशन लिएर योजना दिएको आरोप यसअघि पनि चर्चा छ । यस्ता आरोपहरु लागिरहँदा पनि मन्त्री सोनलले त्यसको कुनै खण्डन गर्न सकेका छैनन् ।

तत्कालीन राजपाका एक नेताका अनुसार मन्त्री सोनलले गरिरहेको अनियमितताबारे प्रश्न गर्दा आफूलाई कसैले पनि केही गर्न नसक्ने भनेर धाक देखाउँदै फर्काएका थिए । नाम नखुलाउने शर्तमा ती नेताले मन्त्री सोनलको भनाई उदृत गर्दै भने, 'मन्त्री सोनलले सिधै भन्नुहुन्छ कि महन्थ ठाकुर नै मेरो पक्षमा छ, कसैले केही गर्न सक्दैन । मैले महन्थ ठाकुरलाई घर किनिदिएको छु । त्यसैले मलाई कसैसँग डर छैन ।'

मन्त्री सोनलले वर्तमान जसपाका अध्यक्ष महन्थ ठाकुरलाई घर किनिदिएको जतातते भन्दै हिंडेको कुरा जनकपुरधाममा पनि व्यापक चर्चा छ । उनी खुलेरै भन्छन्, 'पार्टीका सुप्रिमो नै मेरो पक्षमा छ भने अरु कसैले पनि केही गर्न सक्दैन । आफूलाई मन्त्रीबाट कसैले हटाउन सक्दैनन् ।'

भ्रष्टाचार र अनियमिततामा खुलेरै मन्त्री सोनलले अध्यक्ष ठाकुरको नाम लिइरहँदा एक नेताले ठाकुरसँग गएर गुनासो गरेका थिए । तर उनको गुनासोमा ठाकुरको पनि खासै प्रतिक्रिया नदेखिएको ती नेताको गुनासो । 'अब के गर्ने सबै भ्रष्टाचार गरेकै छन्, त्यसै पनि बदनाम गरिएको छ ।' ती नेतालाई ठाकुरले दिएको प्रतिक्रिया सुनाए ।

प्रदेश २ का मन्त्रीहरुको भ्रष्ट आचरण र व्यवहारका कारण समग्र मधेश आन्दोलन, मधेशी शहीद र जनता बदनाम हुँदै गइरहेकोले पार्टीभित्रै ठूलो असन्तुष्टिहरु छन् । मधेश आन्दोलनको रापतापबाट प्राप्त मतादेशको मानमर्दन गर्दै व्यापक भ्रष्टाचार र अनियमिततामा संलग्न रहेको आवाज जोडतोडका साथ उठिरहेका छन् । तत्कालीन राजपाका मन्त्रीहरुलाई फेरबदल गर्नुपर्ने माग उठिरहेको छ । एउटा पनि उदाहरण वा गौरवको योजना ल्याउन नसकेको नेता कार्यकर्ताहरुमा ठूलो असन्तुष्टि छ ।

पहिला पनि राजपाका मन्त्रीहरुलाई परिवर्तन गर्नुपर्ने माग प्रदेश सांसदहरुले उठाएका थिए ।

# भ्रष्टाचारको...

जुन ८ वटा जिल्लामा भाग लगाँउदा प्रत्येक जिल्लाको हकमा ५ अर्ब रुपैया पर्छ ।

स्थानीय तहमा वार्षिक करोडको बजेट आउँदा कर्मचारीको तलव, सामाजिक सुरक्षाभत्ता, शिक्षा, स्वास्थ लगायत शीर्षकमा लगानी गर्नु पर्दछ । तर प्रदेशले अन्य कुनै क्षेत्रमा लगानी गर्नुपर्दैन र त्यत्रो ठुलो रकमको अधिकांश हिसा मन्त्रीहरुले आफना नातागोता र कार्यकर्ता पाल्न दुरुपयोग गरिरहेको प्रदेश सांसद कुश्वाहाले आरोप लगाए ।




मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं